यो स्थान
विज्ञापनको लागि
खाली छ ।

# त्रिशूली प्रवाह
साप्ताहिक




वर्ष २७ अंक २१ २५ भदौ २०८३ (10 September, 2026) बिहीबार Website: www.trishuliprawaha.com.np पृष्ठ ६ मूल्य रु.१०/-

## वेत्रावती–गल्छी सडक सञ्चालन
# देवीघाटमा बेलिब्रिज निर्माण, त्रिशूलीमा दसैँअगाडि झोलुङ्गे पुल

**विदुर ।** भदौ १० गते भोटेकोशी-त्रिशूली नदीमा आएको विध्वंसकारी बाढीले दर्जनौं पुल बगाएपछि नुवाकोटको त्रिशूली नदी वारपार गर्न समस्या भएको छ । सदरमुकामसँगैको त्रिशूलीपारिको र तादीदेखि गल्छीसम्मको सम्बन्ध टुटेको दुई हप्तापछि तुइन जडान र बेलिब्रिज निर्माण भएको छ । नेपाली सेनाको अगुवाइमा देवीघाट-गल्छी सडकखण्डको देवीघाटको तादी नदीमा बेलिब्रिज निर्माण भएर बिहीबारदेखि सञ्चालनमा आएको छ । ५७ मिटर लामो बेलिब्रिज शनिबारदेखि बनाउन सुरु गरिएको थियो । त्रिशूली वारपार गर्न बागमती प्रदेश सरकारले देवीघाटमा एक र त्रिशूलीको सिमुटारको इन्द्रायणी चौरमा दुईवटा तुइन जडान गरी गत हप्ताबाट सञ्चालनमा आएको छ । बगेका र भत्केका सडक मर्मत र नयाँ ट्र्याक खोलेर धादिङको गल्छीदेखि रसुवाको सिमाना वेत्रावतीसम्म लगभग सडक सञ्चालन भइरहेको छ ।



नेपाल निर्माण व्यवसायी महासङ्घको सहयोगमा बाढी प्रभावित क्षेत्र विदुर- १ स्थित त्रिशूलीबजारको सिरान र विदुर- १ ढुङ्गेस्थित बुद्ध मन्दिरमा झोलुङ्गे पुल निर्माण सुरु भएको छ । झोलुङ्गे पुल दसैंअगाडि निर्माण भइसक्ने जानकारी प्रमुख जिल्ला अधिकारी शम्भुप्रसाद रेग्मीले दिनुभएको छ । गल्छीदेखि वेत्रावतीसम्म थप पाँचवटा झोलुङ्गे पुल निर्माणका लागि सम्भाव्यता स्थानको प्राविधिकले सर्भे गरिरहेकोसमेत उहाँले बताउनुभयो । महाप्रलयकारी बाढीले त्रिशूली नदीमा रहेको यस क्षेत्रका आधा दर्जन पुल बगाएपछि यस क्षेत्रका बासिन्दालाई वारपार गर्न समस्या भइरहेको छ । पूर्वाधार मन्त्रालयसँगको समन्वयमा महासङ्घले पुल निर्माण सुरु गरिसकेको नुवाकोट निर्माण व्यवसायी सङ्घका अध्यक्ष शैलेन्द्रराज प्याकुरेलले बताउनुभयो ।

चीनको तिब्बततर्फबाट रसुवाको भोटेकोशी हुँदै त्रिशूली नदीमा आएको भीषण बाढीका कारण जिल्लाका देवीघाट, त्रिशूली, ढुङ्गे, शुभघाट, भैंसे, तुप्चे, वेत्रावती क्षेत्रमा भएका अकल्पनीय मानवीय एवम् भौतिक क्षतिको स्थलगत अवलोकन एवम् निरीक्षणपश्चात् महासङ्घ अध्यक्ष निकोलस पाण्डे नेतृत्वको टोलीले पुल बनाइदिने घोषणा गरेको थियो । महासङ्घले गरेको प्रतिबद्धताअनुसार शनिबारदेखि बुद्ध मन्दिर क्षेत्रको विदुर- १ ले वडा कार्यालय भवन बनाउन प्रस्ताव गरिएको स्थानमा र पारिपट्टि त्रिशूली बजारको इन्टेकमुनि रूख कटहरको बोट क्षेत्रमा पुलको जग खन्ने काम भइरहेको छ । डेढ महिनाभित्र ढुङ्गेको बुद्ध मन्दिरको तल्लो भागबाट त्रिशूलीबजार जोड्ने गरी लगभग दुई सय ६० मिटर लामो झोलुङ्गे पुल निर्माणमा जिल्ला सङ्घको समन्वय, सहयोग र सस्पेन्सन ब्रिज डिभिजन, पुल्चोकको प्राविधिक सहयोग रहनेछ । पुल निर्माणपछि नुवाकोटसहित छिमेकी जिल्लाका एक लाखभन्दा बढी स्थानीय लाभान्वित हुनेछन् । मन्त्रालयका ... बाँकी ५ पेजमा

# भोटेकोशी हिमबाढी आएको सोह्रौँ दिन
## तथ्याङ्कविहीन सरकार, रमिते प्रतिपक्ष

❑ विशेष संवाददाता

**विदुर ।** महाविपत्तिको १६ दिन बितिसक्दा पनि राज्यसँग आफ्नै नागरिकको क्षतिको यकिन हिसाब छैन । कति बगे, कति मरे, कति अझै बेपत्ता छन्, कति परिवार घरबारविहीन भए र राज्यको भौतिक तथा आर्थिक क्षति कति भयो, सरकारसँग स्पष्ट तथ्याङ्क छैन । प्रश्न स्वाभाविक छ, जब राज्यले क्षतिको हिसाबसमेत राख्न सकेको छैन, उसले राहत, पुनर्स्थापना र पुनर्निर्माणको योजना कुन आधारमा बनाइरहेको छ ?

विपत्ति प्रकृतिको हो, तर विपत्तिपछिको अव्यवस्था मानवीय र राजनीतिक हुन्छ । बाढी, पहिरो वा अन्य प्राकृतिक प्रकोपले सङ्कट निम्त्याउन सक्छ, तर राहत पुग्न ढिला हुनु, स्रोत थुपारिनु, सूचना अन्योलमा पर्नु र पीडितले राज्य खोजिरहनुपर्ने अवस्था प्राकृतिक विपत्ति होइन, राज्यको व्यवस्थापकीय असफलता हो । यहींबाट सरकारको शैलीमाथि गम्भीर प्रश्न उठ्छ । महाविपत्तिको सामना कुनै एउटा मन्त्रालय, एउटा सरकार वा एउटा दलले गर्न सक्दैन । सङ्घ, प्रदेश र स्थानीय तह, सुरक्षा निकाय, निजी क्षेत्र, नागरिक समाज, गैरसरकारी संस्था तथा अन्तर र्राष्ट्रिय निकायबिच ... बाँकी ५ पेजमा

## स्वास्थ्य सेवा सम्बन्धी जानकारी

| | |
|---|---|
| डा. प्रमिला थापा<br>NMC No : 29584<br>MBBS (Dhaka University)<br>जनरल फिजिसियन<br>प्रत्येक दिन | डा. कमल गौतम<br>NMC No : 9150<br>MBBS (KU), MD (TU)<br>मानसिक नसा तथा मनोरोग विशेषज्ञ<br>पहिलो शनिबार |
| डा. प्रभाकर पराजुली<br>NMC No : 18993<br>MD Orthepedic<br>वरिष्ठ हाडजोर्नी तथा नसारोग विशेषज्ञ<br>(पाटन अस्पताल) | दोश्रो शनिबार<br>डा. अजय शाह<br>NMC No : 21527<br>MD Internal Medicine<br>सुगर, प्रेसर, थाइराइड, दम, पेटरोग विशेषज्ञ<br>(केएमसी अस्पताल) |
| डा.सञ्जय सिंह के.सी.<br>NMC No : 10634<br>MD (Cardiologist)<br>मुटुरोग विशेषज्ञ | तेश्रो शनिबार<br>डा. सरोज सेढाई<br>वरिष्ठ छाला तथा यौनरोग विशेषज्ञ<br>MD (Dermatology & Venerology) |
| डा.चुनुमिला महर्जन<br>NMC No : 9886<br>प्रसुती तथा स्त्रीरोग विशेषज्ञ<br>बाँझोपनरोग विशेषज्ञ | चौथों शनिबार<br>डा. राजन गोबिन्द मुल्मी<br>NMC No : 14059<br>नाक,कान,घाँटीरोग विशेषज्ञ<br>(विर अस्पताल) |
| डा.विश्वनाथ अधिकारी<br>NMC No : 14224<br>बालरोग विशेषज्ञ<br>(कान्तीबाल अस्पताल)<br>चौथों शनिबार | सापकोटा पोलिक्लिनिक प्रा.लि.<br>सापकोटा मेडिकल हल<br>विदुर-२, बट्टार, नुवाकोट<br>सम्पर्क : ०१०-५६०१३९ |

# बाढी प्रभावित क्षेत्रका विद्यालय र कलेजमा
## तत्काल पठनपाठन समस्या

**नुवाकोट ।** भदौ १० गते तिब्बतको भोटेकोशी हुँदै रसुवा प्रवेश गरी त्रिशूली नदीमा मिसिएर आएको बाढीपछि नुवाकोटका सामुदायिक तथा निजी विद्यालय र कलेजको पठनपाठन पूर्ण रूपमा प्रभावित बनेको छ । बाढी प्रभावित क्षेत्रका विद्यालय र कलेज तत्काल सञ्चालनमा आउने सहज अवस्था रहेको छैन । भौतिक संरचनाको क्षति, आवतजावतमा समस्या, केही विद्यार्थी, शिक्षक, अभिभावक सम्पर्कविहीन रहेको समयमा विद्यालय र कलेजमा पठनपाठनको वातावरण बनिरहेको छैन । बगेका सामुदायिक विद्यालय बनाइदिने र अस्थायी कक्षा सञ्चालन गर्न सहयोग गर्ने आश्वासन र प्रतिबद्धता आइरहे पनि स्थानको अभाव देखिएकोले तत्काल सञ्चालन गर्ने अवस्था नरहेको शिक्षक, अभिभावकले बताएका छन् ।

नुवाकोट जिल्ला, विदुर- १ स्थित त्रिभुवन त्रिशूली माविका प्रधानाध्यापक राजेन्द्र दवाडीले बाढीले विद्यालय बगाएर लगेको बताउनुभयो । 'विपत्अघि ८६ रोपनी जग्गामा १४ वटा पक्की भवन रहेका थिए । भवनको संरचना पूरै बाढीले बढारेर लगेको छ । अहिले विद्यालयको संरचना पहिचान गर्न गाह्रो छ,' प्रधानाध्यापक दवाडीले भन्नुभयो । पूर्वसूचना पाएर सुरक्षित स्थानमा स्थानान्तरण गरेका कारण विद्यार्थी सकुशल भए पनि एकजना शिक्षक र एकजना कार्यालय सहयोगी सम्पर्कविहीन हुनुभएको प्रधानाध्यापक दवाडीले जानकारी दिनुभयो । 'विद्यार्थी डराएका छन् ।

अभिभावक चिन्तित छन् । सबैको मन आत्तिएको छ । पठनपाठन सुरु हुनुअघि मनोसामाजिक परामर्श दिनुपर्छ,' उहाँले भन्नुभयो । विपत्लाई रोक्न सकिँदैन, तसर्थ पूर्वसूचना प्रणाली, साइरनको व्यवस्था, रोकथाम, क्षति न्यूनीकरण गर्नुपर्ने उहाँको धारणा छ । उहाँका अनुसार विदुर- ९ मा अस्थायी स्थानको व्यवस्थापनपछि पठनपाठनको तयारी गरिनेछ ।

विदुर- ७, तुप्चेको चण्डेश्वरी माविका प्रधानाध्यापक गणेशप्रसाद लामिछानेले रु. एक करोडको लगानीमा करिब तीन रोपनी जग्गामा निर्मित विद्यालयको दृष्टिविहीन आवास ध्वस्त भएको बताउनुभयो । 'अहिले त्रिशूली नदी विद्यालय भवनको पछाडिबाट बगिरहेको छ । त्रिशूली सलाखु नदीको पुल बगाएको कारण वेत्रावती, भैंसे, किस्पाङतिरबाट आउने विद्यार्थी पहुँचबाट टाढा हुनुहुन्छ,' प्रधानाध्यापक लामिछानेले भन्नुभयो । विदुर- ५, देवीघाटस्थित सहिद जगतप्रकाशजंग शाह संस्कृत माविका प्रधानाध्यापक मञ्जु चित्रकारले विद्यालयमा अध्ययनरत बाढी प्रभावित क्षेत्रका विद्यार्थीका दुई सय ५० घर बाढीले बगाएर लगेको बताउनुभयो । '

कतिपय बच्चाका अभिभावकको निधन भएको छ, कोही बेपत्ता हुनुहुन्छ । घरबारविहीनताको स्थिति छ । तादी र त्रिशूली नदीको चारवटा पक्की र एउटा झोलुंगे पुल बाढीले बगाएपछि विद्यालय आउने बाटो बन्द भएको छ,' प्रधानाध्यापक चित्रकारले भन्नुभयो । विपत्बाट सामुदायिक विद्यालय जोगाउन खोलाको नजिक विद्यालय स्थापना नगर्ने, भूकम्पप्रतिरोधी भवन निर्माण गर्नेजस्ता कुरामा ध्यान दिनुपर्ने प्रधानाध्यापक चित्रकारको सुझाव छ । अभिभावकविहीन विद्यार्थीको अभिभावकत्व ग्रहण गर्ने, शैक्षिक सामग्री, शुल्क, आवासीय भवन ... बाँकी ५ पेजमा

# प्रभावितलाई राज्यको साथ र सहयोग आवश्यक

**विदुर ।** भदौ १० गते रसुवाको भोटेकोशी-त्रिशूली नदीको विध्वंसकारी बाढीबाट प्रभावित नुवाकोट-रसुवा क्षेत्रको राष्ट्रपति रामचन्द्र पौडेलले सोमबार स्थलगत अवलोकन गर्नुभयो । प्रभावित नागरिकका लागि राज्यको साथ र सहयोग आवश्यक रहेको उहाँले बताउनुभएको छ ।

बाढी प्रभावित क्षेत्रको स्थलगत अवलोकन गरी राजधानी फर्किएपछि सोमबार नै राष्ट्रका नाममा सम्बोधन गर्दै राष्ट्रपति पौडेलले घरबार र आफन्तविहीन बनेका नागरिक जीविकोपार्जनको खोजीमा रहेको बताउनुभएको हो । पीडितका गुनासा र मागलाई आलोचना नसम्झी समस्या समाधानको सङ्केतका रूपमा बुझ्नुपर्ने बताउँदै उहाँले भन्नुभयो, ' प्राकृतिक विपत्तिमा घरबारविहीन भएका, आफन्त गुमाएका, विस्थापित भएका र आफ्नो ... बाँकी ५ पेजमा

# महाप्रलयकारी बाढीबाट
## ३३ सय ६२ सम्पर्कविहीन, १३ सय ३४ को उद्धार

❑ ज्ञानेन्द्र न्यौपाने

**धुन्चे ।** नेपाल-चीन सीमा भई बग्ने ल्हेन्दे खोला हुँदै रसुवाको भोटेकोशी-त्रिशूली नदीमा भदौ १० गते आएको बाढीबाट रसुवा जिल्लामा तीन हजार पाँच सय ६२ जना सम्पर्कविहीन/बेपत्ता भएका छन् । जिल्लामा भौतिक तथा मानवीय क्षतिको तथ्याङ्क सङ्कलन भइरहेको जिल्ला प्रशासन कार्यालय रसुवाले जानकारी दिएको छ ।

सहायक प्रजिअ ध्रुवप्रसाद अधिकारीले बाढी प्रभावित क्षेत्रमा खोज तथा उद्धार कार्य र राहत वितरण कार्य जारी रहेको बताउनुभएको छ । उहाँले दिएको जानकारीअनुसार बाढीबाट गोसाईंकुण्ड- २ को रसुवागढी, घट्टेखोला, टिमुरे र तातोपानी, वडा नं. ३ को लिडिलिड, मेदाङफुलुङ र रोङ्गा तथा वडा नं. ५ को स्याफ्रुबेंसी र सानो भार्खु प्रभावित क्षेत्र छन् । त्यसैगरी, आमाछोदिङ्मो- १ को हाकुबेंशी, कालिका-१ को गुम्चेत तथा उत्तरगया- १ को मैलुङ, सल्लेटार र सिम्लेफाँट तथा वडा नं. ५ को उपल्लो पहिरे, तल्लो पहिरे, खाल्टे, नौबिसे, कैदलटार र वेत्रावती क्षेत्र बाढीबाट प्रभावित भएका छन् ।

प्रशासनले मंगलबारसम्म सार्वजनिक गरेको विवरणअनुसार एक हजार तीन सय ८४ जनाको उद्धार भएको छ । महाप्रलयकारी बाढीपछि विभिन्न कार्यालय, सुरक्षा निकाय, स्वास्थ्यकर्मी, शिक्षक तथा नागरिकसहित तीन हजार पाँच सय ६२ जना सम्पर्कविहीन/बेपत्ता भएका छन् । सम्पर्कविहीन/बेपत्ता हुनेमा नेपाली सेना श्रीनाथ गण (धादिङस्थित ६ नं बाहिनीअन्तर्गत) का २७ जना, नेपाल प्रहरीका २८ जना, ... बाँकी ५ पेजमा



# विदुर र बेलकोटगढी नपाले
## विपत्ति प्रभावितलाई नगद सहयोग

**विदुर ।** भदौ १० गते भोटेकोशी-त्रिशूली नदीमा आएको महाप्रलयकारी बाढीका कारण विपत्ति प्रभावितलाई नुवाकोट जिल्लाको विदुर र बेलकोटगढी नगरपालिकाले नगद आर्थिक सहयोग गर्ने भएका छन् ।

विपत्मा परेका नागरिकलाई तत्काल रु. २५ हजार राहत उपलब्ध गराउने निर्णय गरेको बेलकोटगढीका नगरप्रमुख जगतबहादुर गुरुङले जानकारी दिनुभयो । सोमबार नगर कार्यपालिकाको बैठकले प्रभावित परिवारलाई आवश्यक पर्ने राहत सामग्री तथा अस्थायी आवास केन्द्र विद्यालयबाट अन्यत्र सारेर निरन्तर सञ्चालन गरिरहने निर्णय गरेको छ । नगरपालिकाले अस्थायी आवास केन्द्र वडा नं. ७ को शिलादेवी मावि, रातमाते चर्च र महादेव माविमा सञ्चालन गरिरहेको छ । बाढीका कारण घर पूर्ण रूपमा क्षति भई बस्न योग्य नभएका, परिवारका सदस्य गुमाएका तथा बेपत्ता भएका नगरवासी परिवारलाई तत्काल राहतस्वरूप प्रतिपरिवार रु. २५ हजारको दरले आर्थिक सहयोग उपलब्ध गराउने, बाढीका कारण खेतीयोग्य जमिन गुमाएका किसान परिवारलाई प्रतिपरिवार रु. १० हजार आर्थिक सहयोग गर्ने निर्णय भएको उपप्रमुख शिवप्रसाद दाहालले बताउनुभयो । नगरपालिकाले भदौ २४ गतेबाट विद्यालय सञ्चालन गर्ने र विद्यालयमा रहेका होल्डिङ सेन्टरलाई अन्यत्र सुरक्षित स्थानमा सार्ने निर्णय भएको प्रमुख प्रशासकीय अधिकृत नेत्रप्रसाद घिमिरेले 'त्रिशूली प्रवाह' साप्ताहिकलाई जानकारी दिनुभएको छ ।

बाढीका कारण नुवाकोटमा सबैभन्दा बढी जनधनको क्षति व्यहोरेको विदुर नगरपालिकाले आइतबार कार्यपालिकाको बैठक बसेर बस्नयोग्य घर नभएका नगरवासीलाई घर भाडामा लिई बस्नका लागि तत्काल प्रतिपरिवार रु. १० हजारका दरले घरभाडा उपलब्ध गराउने र आवश्यक पर्ने खाद्यान्न, लत्ताकपडा, किचेन सेट, हाइजिन सेटलगायतका अत्यावश्यक सामग्री उपलब्ध गराउने निर्णय गरेको छ । तीन तहको सरकार, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्घसंस्था र दाताहरूको सहकार्यमा अस्थायी आवास निर्माण गरी पुनर्स्थापना गरिने नगरप्रमुख राजनलाल श्रेष्ठले बताउनुभएको छ । विपत् प्रभावित नुवाकोट-रसुवालगायत अन्य जिल्ला र भारतीय नागरिकलाई समेत डेढ दर्जनभन्दा बढी अस्थायी आवास केन्द्र सञ्चालन गरेर खाने, बस्ने र स्वास्थ्य उपचारको सेवा दिइरहेको छ । कोठा भाडा लिँदा वा दिँदा कोही, कसैले प्रचलित चलनचल्तीको भाडादरभन्दा बढी लिएको पाइएमा प्रचलित कानुनअनुसार कारबाही गरिनेसमेत उपप्रमुख प्रभा बोगटीले बताउनुभएको छ ।

अस्थायी सेवा केन्द्र रहेकाबाहेकको विद्यालयमा बुधबारबाट पठनपाठन सञ्चालन गर्ने र अस्थायी आवास सेवा केन्द्र सञ्चालनमा रहेका सामुदायिक तथा संस्थागत विद्यालयह केही दिनभित्र अन्यत्र व्यवस्थापन गरी ती विद्यालय सञ्चालनमा ल्याउने गरी तयारी भइरहेको उहाँले जानकारी दिनुभयो । बाढीबाट प्रभावित अन्य जिल्ला तथा पालिकाका नागरिकलाई सम्बन्धित जिल्ला तथा पालिकालाई व्यवस्थापन गर्न पत्रचार गरिएको नगरपालिकाले जनाएको छ ।

त्रिशूली प्रवाह साप्ताहिक

प्रकाशक/सम्पादक : शरणउत्सुक सापकोटा (९८५१००२९३८)
संस्थापक सम्पादक : रामचन्द्र भट्ट
कार्यकारी सम्पादक : विष्णु तारुके (९८५१०९९८००)
रसुवा संवाददाता : जी. लेकाली (०१०५४०२०५ /९८५१११६८३१)
: सरस्वती न्यौपाने (९८४३७६४७९५)
कानुनी सल्लाहकार : अधिवक्ता देवराज कँडेल
जनसम्पर्क : शम्भुराम दाहाल (९८४१९१५७२७)
फोटो पत्रकार : सुनिल श्रेष्ठ
काठमाडौं वितरक : नारायण रिमाल (९८४१०८८२२२)
कार्यालय : विदुर नगरपालिका-२, सञ्चारचोक, विदुर नुवाकोट
फोन/फ्याक्स : ०१०-५६०४१९
Email : prawaha.weekly@gmail.com, utsuk.nkot@gmail.com
मुद्रण : सुप्रिम प्रिन्टिङ प्रेस

## हाम्रा कुरा

# राहत होइन, पुनर्स्थापनामा लागौँ

भदौ १० गते भोटेकोशी–त्रिशूली नदीमा आएको बाढीका कारण रसुवा–नुवाकोटसहित त्रिशूली नदीको तटीय क्षेत्रका बासिन्दाको जनजीवन अस्तव्यस्त बनेको छ । महाप्रलयकारी बाढीले रसुवा, नुवाकोट, धादिङसहित गोरखा, चितवन, तनहुँ जिल्लामा भएको जनधनको क्षति आकलन गर्न नसक्ने अवस्था रहेको छ ।

विनाशकारी बाढीले यस क्षेत्रको अर्थतन्त्रलाई धराशायी बनाएको छ । बाढीबाट भएको क्षतिको तथ्याङ्क हालसम्म सरकारले सार्वजनिक गर्न सकेको छैन । तीन तहको सरकारले विपत्तिमा परेका नागरिकको खोज, उद्धार र राहत वितरणमै आधा महिना व्यतीत गरिसकेको छ । उद्धार, राहतमा विश्व–समुदायलाई गुहारेको सरकारले प्रभावित नागरिकलाई सुरक्षित वासस्थानको व्यवस्था कसरी मिलाउला भन्नेमा सर्वत्र चासो र चिन्ता भइरहेको छ । विपत्तिमा परेका नागरिकले सरकारको पुनर्स्थापनाको योजना आशा र विश्वासको साथ पर्खिरहेका छन् । तीन तहका सरकार खोज, उद्धार सँगसँगै प्रभावितका लागि अस्थायी वासस्थानको व्यवस्था मिलाएर राहत वितरणमा केन्द्रित भइरहेका छन् । बाढीबाट बगेका र बिग्रेका सडक, विद्युत्, फोन, इन्टरनेट सेवा नियमित गराइसकेको सरकारले त्रिशूली वारिपारिमा आवतजावतका लागि तुइन जडान गरिसकेको छ । त्रिशूलीपारिका लागि वैकल्पिक सडक सञ्चालन गराएर झोलुङ्गे पुल र बेलिब्रिज जडान कार्य सुरु गरेर सरकारले जनजीवनलाई सामान्यकरण गराउन लागिपरेको छ ।

हराइरहेकालाई अब जीवितै भेटिने सम्भावना कम रहेकाले बाँचेकाका लागि व्यवस्थित, सुरक्षित पुनर्स्थापनामा दातृ निकायको सहयोग लिएर विज्ञको सल्लाह र योजनाअनुसार बगेका बजार र बस्ती स्थानान्तरणमा लाग्नुपर्छ । सरकारले खोज तथा उद्धार कार्य र राहत वितरणलाई पनि सँगसँगै लिएर जाने र पुनर्स्थापनालाई पहिलो प्राथमिकता दिनुपर्छ । सरकारले आगामी जाडो नआउँदै अस्थायी वासस्थानको प्रबन्ध गर्नुपर्नेछ । जाडो सुरु नहुँदै सर्वसाधारणले घर बनाउन नसक्ने भएकाले अस्थायी वासस्थानको व्यवस्था गर्नु जरुरी छ । रसुवा, नुवाकोट, धादिङसहित गोरखा, चितवन, तनहुँका प्रभावितका लागि तत्काल सरकारले राहतभन्दा पुनर्वासको व्यवस्था गर्नु आवश्यक देखिन्छ । विपत्तिको चपेटामा रहेका नागरिकलाई सरकारले तत्काल दाता जुटाएर भए पनि राम्रो प्रबन्ध नगरे अब आउने जाडोमा मानवीय क्षति हुने देखिन्छ । यो कुरामा सरकार वेलैमा सहज हुन सकेन भने पछि नागरिकले दुःख पाउने सम्भावना रहन्छ । जिल्लामा अहिले खाद्यान्नको खासै समस्या देखिँदैन । त्यसैले तत्काल राहतभन्दा पनि उचित वासस्थानको आवश्यकता देखिएको छ ।

सरकारी र विभिन्न सङ्घसंस्थाले बाँडेका दाल, चामललगायत खाद्यान्न अहिले प्रायः जिल्लाका सबै ठाउँमा पुगिसकेको छ । प्रभावितका लागि लत्ताकपडा, ओढ्ने–ओछ्याउने सामानदेखि त्रिपाल, कार्पेट र ग्यास, चुलो, भाँडाकुँडालगायत आवश्यक काम चल्ने घरायसी सामान वितरण भएकाले प्रभावितका लागि तत्काललाई समस्या छैन । त्यसैले राहतभन्दा उचित वासस्थानको आवश्यकता टड्कारो देखिएको छ । अब सरकार होस् या निजीतर्फबाट बाँडिने राहतभन्दा पनि पुनर्वासको व्यवस्था गर्ने योजना आउनुपर्‍यो र तत्कालै सुरु गरिहाल्नुपर्छ । सरकारको सम्पूर्ण सामर्थ्य यसैमा लगाउन आवश्यक छ । यसै त सरकारको कदमबारे जनतामा वितृष्णा छाएको छ । विपक्ष राजनीतिक दलहरूले सरकारले खोज, उद्धार र राहतमा राम्रोसँग काम गर्न नसकेको टिप्पणी गरिरहेका छन् । दुईतिहाइनजिकको शक्तिशाली सरकारले दिगो कार्ययोजनाकासाथ बाढी प्रभावित त्रिशूली तटीय क्षेत्रको बस्ती स्थानान्तरणमा जुट्नु आवश्यक छ । यस्तो अवस्थामा सरकारले सुझबुझका साथ प्रभावित क्षेत्रमा देश–विदेशबाट प्राप्त भएको आर्थिक सहयोगलाई पारदर्शी र योजनाबद्ध ढङ्गले पुनर्स्थानान्तरणमा खर्च गर्नुपर्छ । देश–विदेशबाट आर्थिक सहयोग आउने क्रम जारी छ, प्राप्त भएको सहयोग ढुकुटीमा थन्क्याएर राख्नुभन्दा प्रभावित क्षेत्रमा खर्च गर्ने, नपुग भए ऋण गरेर भए पनि पुनर्वासका लागि खर्च गर्नुपर्छ । सरकार संयम भएर पुनर्स्थापनाको योजनाका साथ प्रभावित बजार र बस्ती निर्माणमा जुट्नु नै बेस हुन्छ ।

# भोटेकोशीको भेल : हामी फेरि उठ्नैपर्छ

विचार

रामशरण प्याकुरेल



भदौ १० गते आएको भोटेकोशीको बाढीलाई म केवल एउटा प्राकृतिक विपत्ति मात्र भनेर सम्झन सक्दिनँ । मेरो लागि त्यो एउटा यस्तो महाप्रलय हो, जसले नदीको किनार मात्र होइन, मेरो स्मृति, मेरो समवेदना र मेरो विश्वासको जगसमेत हल्लाइदिएको छ । त्यो दिन आकाश हेर्दा पानी पर्लाजस्तो खासै देखिँदैनथ्यो । 'बाढी आउँदै छ' भन्ने चेतावनी कतिपयले सुने पनि गम्भीरतापूर्वक लिएनन् । शान्त देखिने भोटेकोशी र त्रिशूलीको पानी एकाएक विनाशको भेल बनेर आयो । मानिसले के भइरहेको छ भन्ने बुझ्न नपाउँदै घर, सडक, पुल, पसल, खेतबारी र जीवनका आधार बग्न थाले ।

त्यो महाप्रलयको आज १६ दिन बितिसकेको छ । मैले देखेका दृश्य सम्झँदा आज पनि मुटु काँप्छ । मानिस आफन्त खोज्दै दौडिरहेका थिए । कोही लास खोजिरहेका थिए, कोही सासको आशामा थिए । कोही आफ्नै घरको भग्नावशेषमा उभिएर जीवनभरको कमाइ हराएको हेर्दै थिए । कसैको आमाको काख रित्तिएको थियो, कसैको बाबुको सहारा खोसिएको थियो, कसैका छोराछोरी बेपत्ता भइसकेका थिए । बारम्बार गलत सूचना फैलिँदा मानिसले सही सूचनामाथि पनि विश्वास गर्न छाड्दा रहेछन् । 'बाघ आयो, बाघ आयो' भन्ने कथाजस्तै, साँचो विपत्ति आउँदा धेरैले त्यसको भयावहता समयमै बुझ्न सकेनन् । तर, केही घण्टामै शान्त देखिने नदी विनाशको भेल बन्यो । घर, सडक, पुल, खेतबारी, बजार र मानिसका सपना बग्न थाले । म भौतिक रूपमा सुरक्षित रहेँ, तर मेरो मन अझै पनि त्यही भेलसँगै पुरिइरहेको छ, मैलो बाक्लो भेलसँगै बगिरहेको छ ।

देश अहिले शोकमा छ । हजारौं परिवारको जीवन अस्तव्यस्त भएको छ । भौतिक सम्पत्तिको क्षति अर्बौंमा पुग्ने अवस्था छ । तर, पैसामा मापन गर्न नसकिने क्षति अझ ठुलो छ । हामीले मानिस गुमाएका छौं । युवा गुमाएका छौं । प्राविधिक गुमाएका छौं । सुरक्षाकर्मी गुमाएका छौं । स्वास्थ्यकर्मी गुमाएका छौं । शिक्षक गुमाएका छौं । व्यापारी गुमाएका छौं । पर्यटन व्यवसायी गुमाएका छौं । पत्रकार गुमाएका छौं । सरकारी कर्मचारी गुमाएका छौं । यी केवल नामहरू होइनन् । यी परिवारका मेरुदण्ड थिए, भविष्यका सपना थिए । समुदायका भरोसा थिए । देशका सम्भावना थिए । एउटा दक्ष प्राविधिक गुम्दा एउटा परिवारले सदस्य गुमाउँछ; तर समाजले पनि आफ्नो ज्ञान र सिपको एउटा हिस्सा गुमाउँछ । एउटा शिक्षक गुम्दा एउटा पुस्ताले आफ्नो मार्गदर्शक गुमाउँछ । एउटा युवा गुम्दा एउटा आमाबाबुको सपना मात्र होइन, देशको सम्भावित भविष्य पनि गुम्छ । त्यसैले यो क्षतिको वास्तविक मूल्य हामीले अहिल्यै पूर्ण रूपमा बुझ्न सक्नेछैनौं ।

भीषण बाढी आएको सोह्र दिन बित्दासमेत कतिपय जोखिमयुक्त स्थान र सुरुङसम्म खोजी टोली सहज रूपमा पुग्न नसकेको यथार्थले मन पोल्छ । आफ्ना प्रियजन पुरिएको आशङ्कामा प्रतीक्षारत आफन्तको पीडा शब्दमा व्यक्त गर्न सकिँदैन । उहाँहरूका लागि एक–एक सेकेन्ड युगजस्तो भएको होला । यस्तो अवस्थामा हामीले आफूलाई गम्भीर प्रश्न सोध्नैपर्छ– हाम्रो पूर्वतयारी कस्तो थियो ? आधुनिक खोज तथा उद्धार प्रविधिको पर्याप्त प्रयोग किन हुन सकेन ? विपत्को समयमा सूचना प्रणाली, समन्वय र निर्णय प्रक्रिया कति प्रभावकारी भए ? यी प्रश्न दोष खोज्नका लागि मात्र होइनन्, भविष्य सुरक्षित बनाउनका लागि हुन् । त्यस्तो अवस्थामा हामीसँग भएका उच्च प्रविधि, दक्ष प्राविधिक र आधुनिक उद्धार उपकरण तत्काल परिचालन हुनुपर्ने हो । जहाँसम्म पुग्न सकिन्छ, त्यहाँ पुग्नुपर्ने हो । जहाँ उद्धार सम्भव छ, त्यहाँ उद्धार गर्नुपर्ने हो । जहाँ लास छ, त्यहाँसम्म पुगेर सम्मानपूर्वक निकाल्नुपर्ने हो । काखे बच्चा च्यापेर बिजोग अवस्थामा रहेका हरेक आमाको हात समाल्नुपर्ने हो । तर, सरकार लाचार र अक्षमता देखाउँदै भनिरहेको थियो, 'अब हामी सक्दैनौं, तिमीहरू नै गर ।' देशका प्रधानमन्त्री भन्नुहुन्छ, 'थुनिएको सुरुङको लेदो फाल्ने प्रविधि विश्वमै छैन ।'

मेरो आफ्नै जीवनसँग जोडिएका कतिपय स्मृति अब यस बाढीले पीडामा बदलिदिएको छ । पहिलो, मैले साथी बटुलेर बाल्यकालमा पौडी खेलेको घुमाउने पुल, गोठालो जाने गरेको शुभघाट चौर, नुहाउने सुन्धारा र हाम्रो जीवनको बाँच्ने आधार एवम् हाम्रो शिक्षादीक्षादेखि दैनिक जीविकोपार्जनका लागि महत्त्वपूर्ण रहेको पिताजीले हातका नङ्ग्रा खियाएको उखुबारी, खुर्सानी बारी र लहलह धान फलाउने फाँट र आलीमा भटमास फलाउने शुभघाट खेत अब कहिल्यै नब्युँतने गरी बगरमा परिणत भएका छन् । अब म मेरो नाति पुस्तालाई आफ्नो बाल्य र र किशोरवय बितेको आफ्नो थातथलोको परिचय दिन नसक्ने अवस्थामा पुगेको छु । अर्कोतर्फ, मैले शिक्षा प्राप्त गरेको, खेलेको, हुर्किएको पश्चिम १ नम्बरकै एक मात्र मेरो प्यारो त्रिभुवन त्रिशूली माध्यमिक विद्यालय मेरो लागि केवल एउटा विद्यालय मात्र थिएन । त्यो मेरो जीवनको एउटा महत्त्वपूर्ण अध्याय थियो । मेरो बाल्यकाल र स्कुलेजीवनको सम्झना त्यहाँ छन् । मेरा सपनाका पहिलो अक्षर, मेरो जीवनका धेरै प्रिय क्षण त्यहाँ छन् । शारदामान, चक्रमान, प्रेमलाल सर, शिव गुरुहरू र नारायणदेवी र जानुका मिसहरू र मेरा प्रिय क्लासमेटको माया र प्रेमको न्यास्रो मेट्ने ठाउँ थियो त्यो । वि.सं. २०७२ वैशाख १२ गतेको भूकम्पले त्यो विद्यालय ढालेको थियो । हामी दुःखी भयौं । तर, फेरि उठायौं । फेरि बनायौं । फेरि त्यहाँ जीवन फर्कियो । तर, यसपटकको भदौ १० गतेको महाविनाशकारी बाढीले मेरो त्यो प्रिय शिक्षाको मन्दिरमा भौतिक संरचनाको मात्र क्षति गरेन, जमिनकै चिनो मेटाइदियो । त्यो दृश्य सम्झँदा मेरो मन भक्कानिइरहन्छ ।

मेरो आफ्नै गाउँमा मेरो परिवारकै सदस्यका रूपमा रहेका दुईजना बुहारी गुमाएका अर्जुनदाइको पीडा, आफ्नै श्रीमती, बुहारी र आफ्ना सम्पूर्ण व्यवसाय बगाएको भतिज सुदर्शनका आँखाका आँसु र श्रीमती गुमाएको भतिज हरि र आमा गुमाएका भुजेल भाइका अनाथ छोराछोरी र दर्जनौं नजिकका अन्य मेरा साथी, आफन्तको अवस्था आजसम्म पनि अज्ञात हुँदा नजिकबाट मैले आफ्नै लागि बचाएर राखेका दुई थोपा आँसु पनि आज बगाएको छु । कुशको मुठालाई मानव शरीर ठानेर अन्तिम संस्कार विधि गर्नुपर्ने यो नियति किन ? मनभित्र बारम्बार एउटै वाक्य घुमिरहन्छ, 'मलाई माफ गर्नुहोस्, मैले मेरा आफन्त र प्रियजनलाई बचाउन सकिनँ ।' मलाई थाहा छ, मेरा शब्दले कसैको घाउमा तुरुन्त मल्हम लाग्दैन । यहाँ पोखिएका भावना र समवेदनाले हराएका मानिस फर्किँदैनन् । तर, कहिलेकाहीँ मानिस शब्दमार्फत नै आफ्नो पीडा बाँड्न बाध्य हुन्छ । तर खै ? यो विपत्तिको उद्धार र राहतमा महत्त्वपूर्ण जिम्मेवारीमा रहेका, तलदेखि माथिसम्मका सरकारबिचको समन्वय र सहकार्य उदेकलाग्दो देखिरहेको छु । स्थानीय तह आफैं पनि यो विपत्तिबाट पीडित बनेको छ । जुन गाउँ–सहरले आफ्ना नागरिकलाई सेवा दिनुपर्ने थियो, त्यही गाउँ–सहरको आफ्नै संरचना बाढीले बगाएर बगर बनाइदिएको छ । पर्यटन, व्यापार, रोजगारी र स्थानीय अर्थतन्त्रका आधार तहसनहस भएका छन् । सरकारको अक्षमता र एकलकाँटे प्रवृत्तिले र इतरको आरोप–प्रत्यारोप सुरु भएको छ । तर, हामीले अहिले केवल दोष खोजेर बस्ने समय होइन । हो, कमजोरी भएका छन् । प्रश्न उठेका छन् । हो, कतिपय निर्णयबारे गम्भीर समीक्षा आवश्यक छ । उद्धार र खोजीकार्यमा कहाँ चुक्यौं भनेर इतिहासले हामीसँग प्रश्न गर्नेछ । आजको पहिलो काम भनेको, बाँचेकाको ज्यान जोगाउनु हो । राहत र उद्धार फोटो खिचाउन होइन, पीडितको घरसम्म पुग्नुपर्छ । आज चाहिएको प्रचार होइन, उद्धार, बाटो, औषधि, खाना, बास र वास्तविक पीडितसम्म पुग्नुपर्ने राहत हो, पुनर्स्थापना हो ।

भोटेकोशीले हाम्रो धेरै कुरा बगाएको छ । तर, यसले हाम्रो हिम्मत बगाउन पाउनुहुँदैन । हामीले अब फेरि भत्किएका घर बनाउनु छ । बगर बनेका खेतमा फेरि हरियाली ल्याउनु छ । भत्किएका सडक र पुल उठाउनु छ । विद्यालय बनाउनु छ । बजार चलाउनु छ । व्यवसाय पुनः सुरु गर्नु छ र सबैभन्दा महत्त्वपूर्ण मानिसको मनमा फेरि बाँच्ने विश्वास जगाउनु छ । तर, यसपटक पहिलेको जस्तो मात्र पुनर्निर्माण गरेर पुग्दैन । आज फेरि प्रकृतिले हामीलाई परीक्षा लिएको छ । सायद जीवन यही रहेछ । हामी बनाउँछौं । कहिलेकाहीँ भत्किन्छ । फेरि बनाउँछौं । अन्ततः मानिसले बाँच्न सिक्छ, उठ्न सिक्छ र फेरि निर्माण गर्न सिक्छ । हामीले अब सुरक्षित पुनर्निर्माण गर्नुपर्छ । नदीको प्राकृतिक बहाब बुझ्नुपर्छ । जोखिमयुक्त क्षेत्रका बस्ती र संरचनाबारे पुनर्विचार गर्नुपर्छ । विपत् पूर्वसूचना प्रणालीलाई प्रभावकारी बनाउनुपर्छ । स्थानीय समुदायलाई उद्धार र प्राथमिक उपचारको तालिम दिनुपर्छ । आधुनिक खोज तथा उद्धार उपकरण र दक्ष प्राविधिक टोली सधैं तयारी अवस्थामा राख्नुपर्छ । ठुला विकास आयोजनाको विपत् जोखिमलाई कागजमा मात्र होइन, व्यवहारमा पनि गम्भीरतापूर्वक मूल्याङ्कन गर्नुपर्छ । किनकि विकास भनेको केवल सडक, पुल, सुरुङ र भवन मात्र होइन रहेछन् । मानिस सुरक्षित भएर बाँच्न सक्ने अवस्था सिर्जना गर्नु नै वास्तविक विकास रहेछ ।

सामाजिक सञ्जाल समाजको ऐना हुनुपर्ने हो, तर विपत्तिको वेला पीडितका आँसुमाथि समेत प्रहार गर्ने अपमानजनक र असंवेदनशील टिप्पणी देख्दा मलाई गहिरो लज्जाबोध हुन्छ । कसैको प्रियजन हराएको छ, कसैको घर बगेको छ, कसैको संसार उजाडिएको छ, यस्तो वेला हाम्रो शब्दले अर्को चोट थप्नुहुँदैन । यो केवल कुनै एक व्यक्तिको अभद्रता होइन । यसले हाम्रो सामूहिक नैतिक चेतनामाथि प्रश्न उठाइरहेको छ । आज राष्ट्र शोकमा छ । हामी पीडामा छौं । हामीसँग धेरै प्रश्न पनि धेरै होलान् । कतिपय प्रश्नको उत्तर सायद आजै भेटिनेछैन । तर, हामी निराश भएर बस्नुहुन्न । किनकि हाम्राअगाडि ती परिवार छन्, जसले आफ्नो संसार गुमाएर पनि बाँच्नुपर्नेछ । ती बालबालिका छन्, जसले आमाबुबा गुमाए पनि भोलि विद्यालय जानुपर्नेछ । ती आमा छन्, जसले आफ्नो काख गुमाए पनि अरू सन्तानका लागि बाँच्नुपर्नेछ । ती वृद्ध छन् जसले आफ्नो सहारा गुमाए पनि बाँकी जीवन काट्नुपर्नेछ । उहाँहरू उठ्न खोज्दै हुनुहुन्छ भने हामी पनि सबै उठ्नुपर्छ, उठाउनुपर्छ ।

अब सबै बिर्सिएर अगाडि बढ्नुको विकल्प छैन । तर, 'बिर्सनु' भनेको गुमेकालाई बिर्सनु होइन । उहाँहरूको सम्झनालाई हृदयमा राखेर अघि बढ्नु हो । उहाँहरूको नाममा सुरक्षित समाज बनाउनु हो । उहाँहरूको मृत्युबाट पाठ सिक्नु हो । उहाँहरूले भोगेको पीडा फेरि अर्को पुस्ताले भोग्न नपरोस् भनेर प्रण गर्नु हो । भोटेकोशीको भेलले हाम्रा प्रियजन बगायो । हाम्रो घर बगायो, सम्पत्ति बगायो । हाम्रो विद्यालय बगायो । हाम्रो सडक बगायो, तर हाम्रो सपना बगाउन दिनुहुँदैन । हाम्रो हिम्मत बगाउन दिनुहुँदैन । हाम्रो भविष्य बगाउन दिनुहुँदैन । एक दिन यही बगरमा फेरि घर बन्नेछन् । विद्यालयका आँगनमा फेरि बालबालिका दौडिनेछन् । बजारमा फेरि चहलपहल हुनेछ । पर्यटक फेरि आउनेछन् । व्यवसाय फेरि चल्नेछन् । नदी फेरि आफ्नै लयमा बग्नेछ र हामी यहीँ उभिएर आफ्ना हराएका प्रियजनलाई सम्झँदै भन्नेछौं, 'हामीले धेरै गुमायौं । हामीले असह्य पीडा भोग्यौं । हामी ढल्यौं । तर, हामीले हार मानेनौं । भोटेकोशीले हाम्रो धेरै कुरा बगायो, तर हाम्रो भविष्य बगाउन सक्नेछैन ।' सबै दिवंगतमा भावपूर्ण श्रद्धाञ्जली, शोकसन्तप्त परिवारजनमा गहिरो समवेदना ।

***(प्याकुरेल यस प्रकाशनको नियमित स्तम्भकार एवम् एमालेका बौद्धिक व्यक्तित्व हुनुहुन्छ ।)***

# पुनर्निर्माणको अर्थ भत्केका संरचना उभ्याउनु मात्र होइन

दृष्टिकोण

शिवराम ढकाल



भदौ १० गते बिहान करिब ८:३० बजे चिनियाँ भूभागबाट रसुवा प्रवेश गरी भोटेकोशी हुँदै त्रिशूली नदीमा आएको विनाशकारी बाढीले नेपाललाई फेरि एकपटक गहिरो शोक, पीडामा पारेको छ भने विकास मोडलबारे सोच्न बाध्य बनाएको छ । केही घण्टामै नदीको धार बदलियो, बस्ती बगायो, सडक र पुल भत्कायो, जलविद्युत् आयोजनाका संरचनामा क्षति पुर्‍यायो र सयौं परिवारलाई क्षणभरमै घरबारविहीन बनायो । कतिपयका लागि यो बाढी एउटा प्राकृतिक विपत्ति थियो, तर नेपालको भौगोलिक अवस्था, तीव्र गतिमा बदलिँदो जलवायु परिवर्तनले हिमाली क्षेत्रमा बढिरहेको तापक्रम, अस्थिर हिमनदी र कमजोर पूर्वाधारलाई सँगै राखेर हेर्दा यो केवल एउटा नदीमा आएको बाढी मात्र होइन । यो जलवायु परिवर्तनसँग जोडिँदै गएको बहुआयामिक विपत्को चेतावनी हो ।

जलवायु परिवर्तनमा नेपालको योगदान अत्यन्त न्यून छ, तर त्यसबाट उत्पन्न जोखिम र क्षति भने असमान रूपमा हामीले भोगिरहेका छौं । हिमालमा हिउँ पग्लिने गति बढ्दै जानु, हिमताल विस्तार हुनु, परम्परागत रूपमा हिमपात हुने उच्च क्षेत्रमा वर्षा हुन थाल्नु, अत्यधिक वर्षाका घटना बढ्नु र पहाडमा भूक्षय तथा पहिरोको जोखिम बढ्नुले नेपालको विपत् जोखिमको चरित्र नै परिवर्तन गरिरहेको छ । भोटेकोशीको घटना एउटा तत्कालीन राहतको विषय मात्र होइन; यसले राज्यको विपत् व्यवस्थापन क्षमता, पूर्वाधार निर्माणको गुणस्तर, बस्ती विकासको ढाँचा, आर्थिक पुनर्स्थापना र अन्तर्राष्ट्रिय जलवायु न्यायको बहसलाई एकैपटक अगाडि ल्याएको छ । यस घटनापछि हाम्रो परम्परागत अभ्यास प्रायः एउटै हुने गरेको छ– घटना भएपछि उद्धार, राहत वितरण, केही रकमको क्षतिपूर्ति र बिस्तारै घटना बिर्सने । तर, अब यो सोचले काम गर्दैन । विपत् व्यवस्थापनलाई घटना भएपछि गरिने राहतको रूपमा होइन, विपत् आउनुअघि जोखिम घटाउने, विपत्का वेला जीवन जोगाउने र विपत् पछि प्रभावित परिवार तथा अर्थतन्त्रलाई पुनः उभ्याउने निरन्तर चक्रका रूपमा हेरिनुपर्छ ।

भोटेकोशी बाढीको मानवीय क्षतिको प्रारम्भिक विवरणले नै घटनाको भयावहता देखाउँछ । क्षतिको पछिल्लो सरकारी विवरणअनुसार हजारौं मानिसको मृत्यु पुष्टि भएको, पाँच हजारभन्दा बढी मानिस बेपत्ता रहेको र हजारौंको उद्धार गरिएको छ । बेपत्तामध्ये जलविद्युत् आयोजनामा काम गर्ने श्रमिकदेखि स्थानीय बासिन्दा र विदेशी नागरिकसम्म रहेका छन् । यसले विपत्को असर कुनै एउटा समुदाय वा आर्थिक वर्गमा सीमित नभई श्रमिक, स्थानीय जनता, पर्यटक, व्यवसायी र पूर्वाधारमा निर्भर समग्र अर्थतन्त्रमा परेको देखाउँछ । भौतिक क्षतिको प्रारम्भिक अनुमान अर्बौं रूपैयाँबाट सुरु भएर पूर्ण मूल्याङ्कनपछि अझ ठुलो हुन सक्ने देखिन्छ । पुल, सडक, घर, होटेल, गेस्टहाउस, बजार, विद्युत् आयोजना तथा अन्य सार्वजनिक र निजी संरचना क्षतिग्रस्त हुँदा प्रत्यक्ष सम्पत्तिको क्षतिसँगै आर्थिक गतिविधि पनि अवरुद्ध हुन्छ । एउटा पुल भत्किँदा केवल पुलको निर्माण लागत मात्र नोक्सान हुँदैन; त्यसले बजारसम्म पुग्ने किसान, काममा जाने श्रमिक, विद्यालय जाने विद्यार्थी, अस्पताल पुग्ने बिरामी र पर्यटकबाट आम्दानी गर्ने स्थानीय व्यवसायीको जीवनमा समेत असर पार्छ ।

**नेपाल किन यति जोखिममा छ**

नेपालको जलवायु जोखिमलाई बुझ्न हाम्रो भौगोलिक अवस्थालाई बुझ्नैपर्छ । नेपाल समुद्री सतहबाट केही सय मिटरदेखि आठ हजार मिटरभन्दा माथिसम्म फैलिएको देश हो । हिमाल, पहाड र तराईबिचको तीव्र उचाइ परिवर्तनले पानीको बहावलाई अत्यन्त संवेदनशील बनाउँछ । माथिल्लो हिमाली क्षेत्रमा भएको परिवर्तन केही घण्टा वा दिनमै तल्लो बस्तीमा विपत्तिका रूपमा आइपुग्न सक्छ । उच्च हिमाली क्षेत्रमा पछिल्ला वर्षमा तापक्रम वृद्धि र वर्षाको स्वरूपमा परिवर्तन देखिएको छ । करिब दुई हजार आठ सय मिटरभन्दा माथिका क्षेत्रमा हिमनदीबाट आएको ढुङ्गा, माटो र गेग्रान नदी प्रणालीमा मिसिँदा अचानक आउने बाढीको विनाशकारी क्षमता बढ्छ । करिब तीन हजार मिटरभन्दा माथिको क्षेत्र पर्यटन र पर्वतारोहणको दृष्टिले महत्त्वपूर्ण छ भने चार हजार मिटरआसपासका क्षेत्रमा पहिले हिमपात हुने समयमा वर्षा हुन थालेका घटनाले नयाँ प्रकारको जोखिम सिर्जना गरेको छ । करिब पाँच हजार मिटरआसपासका हिमनदी तथा हिमतालमा हुने अस्थिरताले तल्लो क्षेत्रमा रहेका बस्ती र पूर्वाधारलाई प्रत्यक्ष जोखिममा पार्न सक्छ ।

विपत्पछिको पहिलो चरणमा राज्यको सबैभन्दा ठुलो जिम्मेवारी जीवन जोगाउनु हो । उद्धारपछि सुरक्षित होल्डिङ सेन्टर वा अस्थायी शिविरमा रहेका नागरिकलाई खाना र पानीसँगै सुरक्षित आवास, पोषण, स्वास्थ्य, सरसफाइ, सुरक्षा र मनोसामाजिक सहयोगलाई एउटै प्याकेजका रूपमा अघि बढाउनुपर्छ । प्रभावित परिवारलाई नियमित पौष्टिक खाना, सुरक्षित पिउने पानी, मौसमअनुकूल कपडा र ओछ्यान उपलब्ध गराउनुपर्छ । बाढीपछि दूषित पानीका कारण झाडापखाला, हैजा, टाइफाइडलगायतका पानीजन्य रोग फैलिन सक्ने भएकाले स्वच्छ खानेपानी पुर्‍याउनुपर्छ । स्वास्थ्य शिविरलाई केवल घाइतेको उपचारमा सीमित नगरी गर्भवती महिला, बालबालिका, वृद्धवृद्धा तथा दीर्घरोग भएका व्यक्तिको नियमित स्वास्थ्य परीक्षणसम्म विस्तार गर्नुपर्छ ।

विपत्को केही दिनपछि राहत शिविरमा मानिसलाई राखिरहनु समाधान होइन । त्यसैले दोस्रो चरणमा परिवारलाई अस्थायी आवास, रोजगारी र शिक्षाको माध्यमबाट सामान्य जीवनमा फर्काउने कार्यक्रम सुरु गर्नुपर्छ । सरकारले तीनदेखि ६ महिनासम्म प्रयोग गर्न सकिने सुरक्षित प्रिफ्याब वा अन्य मानव अस्थायी आवास निर्माण गर्न सक्छ । यसमा स्थानीय सामग्री र स्थानीय श्रम प्रयोग गर्न सकिन्छ । यहाँ श्रमदानको नेपाली संस्कृतिलाई आधुनिक पुनर्निर्माणसँग जोड्न सकिन्छ । प्रभावित समुदायका युवालाई पुनर्निर्माणमा सहभागी गराएर उनीहरूलाई दैनिक ज्याला वा कामका आधारमा आम्दानी गर्ने कार्यक्रम ल्याउनुपर्छ । यसले एकातिर पूर्वाधार निर्माण गर्छ भने अर्कोतर्फ प्रभावित परिवारलाई तत्काल आय उपलब्ध गराउँछ । सुरक्षित उच्च भूभागमा जग्गा उपलब्ध गराउने व्यक्ति वा संस्थालाई कर छुट, सम्मान वा अन्य प्रोत्साहन दिन सकिन्छ । तर, पुनर्वास केवल जग्गा बाँड्ने कार्यक्रम हुनुहुँदैन । नयाँ बस्तीमा खानेपानी, विद्यालय, स्वास्थ्यचौकी, सडक, सञ्चार, विद्युत् र रोजगारीको अवसरसमेत सुनिश्चित हुनुपर्छ ।

बाढीले घर मात्र होइन, मानिसको आम्दानीको स्रोत पनि बगाएको हुन्छ । किसानले खेत, व्यापारीले पसल र सामान, होटेल व्यवसायीले पर्यटक र श्रमिकले काम गर्ने थलो गुमाएको हुन सक्छ । त्यसैले क्षतिपूर्तिसँगै आय पुनर्स्थापनाको कार्यक्रम आवश्यक छ । प्रभावित युवालाई छोटो अवधिका सिपमूलक तालिम– सिलाइबुनाइ, काठको काम, निर्माण, विद्युत् मर्मत, प्लम्बिङ, कृषि प्रशोधन, डिजिटल सेवा आदिमा सहभागी गराएर स्थानीय पुनर्निर्माणसँग जोड्न सकिन्छ । बैंक तथा वित्तीय संस्थामार्फत साना उद्यमका लागि सहुलियतपूर्ण कर्जा उपलब्ध गराउन सकिन्छ । यस्तो कर्जाको किस्ता तत्काल सुरु गराउँदा सङ्कटमा परेका परिवार थप ऋणग्रस्त हुन सक्छन् । त्यसैले कम्तीमा केही महिनाको अनुग्रह अवधि आवश्यक हुन्छ । यससँगै बजारसँग जोड्ने व्यवस्था पनि उत्तिकै महत्त्वपूर्ण छ । प्रभावित क्षेत्रका उत्पादनलाई स्थानीय बजार, सहकारी, सरकारी खरिद प्रणाली र डिजिटल बजारसँग जोड्न सके राहतग्राहीलाई दीर्घकालीन रूपमा आत्मनिर्भर बनाउन सकिन्छ ।

पुनर्निर्माणमा पुरानै गल्ती दोहोर्‍याउनुहुँदैन, विपत्पछि पुनर्निर्माण गर्दा हामीले एउटा महत्त्वपूर्ण सिद्धान्त आत्मसात् गर्नुपर्छ– 'बिउल्ट ब्याक बेटर' अर्थात् पहिलेभन्दा सुरक्षित बनाउने । यदि बाढीले भत्काएको पुल पहिलेजस्तै कमजोर संरचनामा बनाइयो भने अर्को बाढीमा फेरि त्यही समस्या दोहोरिन्छ । क्षतिपछि पुनः त्यही ठाउँमा घर निर्माण गर्नु भविष्यको विपत् निम्त्याउनु हो । त्यसैले, पुनर्निर्माणपूर्व विस्तृत जोखिम मूल्याङ्कन अनिवार्य हुनुपर्छ । नदीको बहाव, पहिरो, हिमताल, ग्लेसियर, भूगर्भीय अवस्था र विगतका विपत्को इतिहासलाई आधार बनाएर बस्ती तथा पूर्वाधारको स्थान निर्धारण गर्नुपर्छ । नदीकिनारका संवेदनशील क्षेत्रमा स्पष्ट झट्का वा नदी करिडोर निर्धारण गर्नुपर्छ । तर, यस्तो व्यवस्था स्थानीय नागरिकलाई विस्थापित नगरी वैकल्पिक सुरक्षित आवास, व्यवसायका लागि स्थान र उचित क्षतिपूर्तिसहित पुनर्स्थापना गर्नुपर्छ ।

नेपालमा विपत् व्यवस्थापनको सबैभन्दा ठुलो कमजोरीमध्ये एउटा जोखिमबारे पूर्वतयारीको अभाव हो । अब प्रत्येक संवेदनशील नदी, हिमताल, ग्लेसियर र पहिरो क्षेत्रमा आधुनिक पूर्वसूचना प्रणाली विस्तार गर्नुपर्छ । जलस्तर, वर्षा, हिमताल र भूगर्भीय परिवर्तन मापन गर्ने सेन्सर स्थापना गरेर प्राप्त सूचना स्थानीय प्रशासन, सुरक्षा निकाय र समुदायसम्म तत्काल पुर्‍याउने व्यवस्था आवश्यक छ । एसएमएस, मोबाइल एप, रेडियो, साइरन र स्थानीय स्वयम्सेवकमार्फत चेतावनी दिन सकिने बहुच्यानल प्रणाली निर्माण गर्नुपर्छ । चेतावनी जारी भएपछि मानिस कहाँ जाने, कुन बाटो सुरक्षित छ र कुन ठाउँमा जम्मा हुने भन्ने कुरा समुदायलाई पहिले नै थाहा हुनुपर्छ । केवल साइरन बजाएर पूर्वसूचना प्रणाली सफल हुँदैन; त्यसलाई नियमित अभ्यास र समुदायको सहभागितासँग जोड्नुपर्छ । यसका लागि देशभरको विस्तृत राष्ट्रिय बहुविपत् जोखिम नक्सा तयार गरी सार्वजनिक गर्नुपर्छ । कुन ठाउँ बाढीको जोखिममा छ, कुन ठाउँ पहिरोको जोखिममा छ, कुन क्षेत्रमा बस्ती विस्तार गर्न हुँदैन र कुन ठाउँमा अस्पताल वा विद्यालय निर्माण गर्न सुरक्षित हुन्छ भन्ने कुरा वैज्ञानिक आधारमा निर्धारण गर्नुपर्छ ।

प्राकृतिक विपत्ले गरिब परिवारलाई झन् गरिब बनाउने सम्भावना हुन्छ । घर, व्यवसाय, कृषि र रोजगारी गुमेको परिवारले आफ्नो जीवन पुनः सुरु गर्न ऋण लिनुपर्ने हुन्छ । तर, व्यावसायिक ब्याजदरमा ऋण लिएर पुनर्निर्माण गर्न खोज्दा उनीहरू दीर्घकालीन ऋणको चक्रमा फस्न सक्छन् । त्यसैले बाढी प्रभावितका लागि छुट्टै पुनर्स्थापना कोष निर्माण गर्न सकिन्छ । परिवारलाई क्षतिको वर्गीकरणअनुसार सहुलियतपूर्ण कर्जा उपलब्ध गराउनुपर्छ । साना किसान, साना व्यापारी र ठुला व्यवसायका लागि फरक वित्तीय अनुदान आवश्यक हुन्छ । सम्भव भएसम्म बैंकले बिल तथा इनभ्वाइसका आधारमा निर्माण सामग्री वा उपकरण आपूर्तिकर्तालाई प्रत्यक्ष भुक्तानी गर्ने व्यवस्था गर्दा रकमको दुरुपयोग घटाउन सकिन्छ । आवास पुनर्निर्माणका लागि दीर्घकालीन न्यून ब्याजदरको ऋण, सरकारले ब्याज वा बिमा प्रिमियममा सहयोग गर्ने मोडल प्रभावकारी हुन सक्छ । यसले प्रभावित परिवारलाई एकैपटक ठुलो आर्थिक भार नपारी क्रमिक रूपमा सुरक्षित घर निर्माण गर्ने अवसर दिनुपर्छ ।

भोटेकोशीजस्ता नदी प्रणालीसँग जोडिएको क्षेत्रमा जलविद्युत् नेपालको अर्थतन्त्रका लागि महत्त्वपूर्ण भए पनि यस्ता संरचना निर्माण गर्दा प्राकृतिक जोखिमलाई पर्याप्त रूपमा सम्बोधन गर्नुपर्छ । क्षतिग्रस्त आयोजना पुनर्निर्माण गर्दा पहिलेको डिजाइनलाई जस्ताको तस्तै दोहोर्‍याउनुहुँदैन । नयाँ जोखिम मूल्याङ्कन, जलवायु परिदृश्य, अत्यधिक बाढीको सम्भावना र भूगर्भीय अवस्थालाई डिजाइनमा समावेश गर्नुपर्छ । सडक र पुल निर्माणमा पनि 'सबैभन्दा सस्तो ठेक्का'भन्दा 'जीवनचक्रमा सबैभन्दा सुरक्षित र गुणस्तरीय संरचना'लाई प्राथमिकता दिनुपर्छ । भोटेकोशी–त्रिशूलीजस्ता रणनीतिक मार्गमा बलिया पुल, सुरुङ, वैकल्पिक सडक र आपत्कालीन पहुँच मार्ग निर्माण आवश्यक छ । गुणस्तर सुनिश्चित गर्न स्वतन्त्र प्राविधिक अनुगमन, तेस्रो पक्षबाट परीक्षण र निर्माणपछिको नियमित सुरक्षा अडिट अनिवार्य हुनुपर्छ ।

भोटेकोशीको बाढीले नेपालको आन्तरिक व्यवस्थापनको प्रश्न मात्र उठाएको छैन; यसले जलवायु न्यायको अन्तर्राष्ट्रिय प्रश्न पनि उठाएको छ । नेपालजस्ता मुलुकको विश्वव्यापी हरितगृह ग्यास उत्सर्जनमा योगदान अत्यन्त न्यून भए पनि जलवायुजन्य विपत्को जोखिम उच्च छ । विभिन्न अन्तर्राष्ट्रिय जलवायु जोखिम सूचकाङ्कमा नेपाल उच्च जोखिमयुक्त मुलुकका रूपमा देखिनु यस असमानताको एउटा सङ्केत हो । ... बाँकी ४ पेजमा

# अब पनि सिँचाइ नै भन्ने हो त ?

विचार

रामचन्द्र भट्ट



वि.सं. २०७२ को भूकम्पको समयमा म अमेरिकामै थिएँ। त्यसैले मैले त्यो क्षति र पीडालाई नजिकैबाट भोग्ने अवसर पाइनँ। तर, म जन्मिएको एक वर्षपछि बनेको हाम्रो घर खण्डहर भयो। मेरा वृद्ध बाआमा, भाइ, बुहारी, बहिनी, भतिजले कैयौं दिनसम्म भत्किएको घरसँगैको बारीको पाटामा रात बिताउनुपर्‍यो। भूकम्पले घर भत्किँदा कैयौं वर्षदेखि जम्मा गरिएका महत्त्वपूर्ण कागजपत्र पुरिए। मैले जम्मा गरेका कैयौं पुस्तक माटोमा मिले। हाम्रो परिवारका सदस्यका पुराना फोटो हराए। म पाँच वर्षको हुँदा काठमाडौं गएर खिचेको मेरो जिन्दगीको पहिलो फोटो घरसँगै पुरियो। कैयौं चिज हराए, केही मात्र भेटिए। घर भत्किए पनि त्यहीं खनेर-खोस्रिएर घर बनाउन मिल्थ्यो। तर, हामीले पुरानो ठाउँ छाडेर सडकमै जोडिएको जग्गामा बनायौं। त्यतिखेरको भुइँचालोले क्षतिग्रस्त बनेका घर गाउँघरतिर जग सारेर बने भने सहरबजारमा भने ढलेको घरको भग्नावशेष हटाएर त्यहीं बनाइएको थियो। यतिखेर रसुवा, नुवाकोट र धादिङका केही भागमा दुई साताअघिको महाप्रलययुक्त बाढीले हजारौं निजी घर खण्डहर बने। घर खण्डहर मात्र होइन, जग कहाँनेर थियो भनेर सङ्केतसमेत नछाडी नामेट बनाएको छ। घर भएको ठाउँमा अहिले त्रिशूली नदी बगिरहेको छ, कतिपय ठाउँ बगर बनेको छ। त्रिशूली नदीमा मध्यमस्तरको बाढी आउँदा पनि भेट्ने ठाउँमा छन् पुराना घरका भग्नावशेष। त्रिभुवन त्रिशूली उच्च माविभन्दा पनि माथिबाट नदी बगिरहेको छ।

घर भएको अधिकांश ठाउँ दलदले हिलोको बगर बनेको छ। बालुवा, हिलो, ढुङ्गाको रास छ। नदीको सतह पहिलेभन्दा लगभग २० मिटर माथिबाट बगिरहेको छ। यस्तो अवस्थामा पीडितको पुरानै ठाउँमा पुनर्स्थापना ज्यादै पेचिलो बन्ने सङ्केत देखिँदै छ। एउटा तितो यथार्थलाई फेरि पनि म स्मरण गर्न चाहन्छु- गत २०८२ वैशाखमा 'त्रिशूली प्रवाह' साप्ताहिकको वार्षिकोत्सव समारोहमा विदुर-५ का वडाध्यक्ष लीलानाथ न्यौपाने आफ्नो वडामा सिँचाइ चाहिएको भन्दै बम्किए। सन्दर्भ कस्तो थियो भने त्यस दिनको अङ्कमा मैले पिपलटारमा सिँचाइ होइन, व्यवस्थित बसोबासको प्रारूप तयार गर्न जरुरी छ भनेर एउटा लेख लेखेको थिएँ। त्यतिखेर तल्लो पिपलटार, जो ठ्याक्कै देवीघाटभन्दा माथिल्लोतर्फ तीन सय मिटर उचाइमा छ। त्यहाँ एकातिर रिङरोड जसरी सडक पनि थियो भने सिँचाइका नाममा धमाधम पाइप गाडिरहेको दृश्य देखियो। बस्ती विकास भइरहेको ठाउँमा तादीखोलापारिबाट पाइपमा पानी ल्याएर गरिने सिँचाइ एकातिर दिगो हुने सम्भावना पनि थिएन, अर्कातिर गाउँमा खेती गर्ने जनशक्तिसमेत बस्दैनन्। सिँचाइका लागि देखिएको तामझाम, खाडल खन्ने, पाइप गाड्नका लागि गरिएको त्यो सरकारी बजेटको खर्च एक हिसाबले बालुवामा पानी हालेजस्तो महसुस भयो।

पाइप गाड्नुको बदला व्यवस्थित बस्तीको योजना बनाउनुपर्ने र अहिलेबाटै त्यो नथाले काठमाडौंजस्तै अस्तव्यस्त हुने सुझाव पनि मैले लेखमा दिएको थिएँ। तीनवटा सडकले नुवाकोटलाई काठमाडौंसँग जोडिएको र छहरे-टोखा सुरुङमार्गको चर्चाले भविष्यमा काठमाडौंको विस्तारित रूप नुवाकोटसम्म पुग्ने अवस्थामा सिँचाइभन्दा पनि सहरीकरणका लागि सडक, ढल, विद्युत्का लाइन अन्डरग्राउन्ड गरेर काम सुरु गर्नुपर्ने सुझाव थियो लेखमा। तर, वडाध्यक्षले त्यो सुझावलाई व्यक्तिगत रूपमा लिएको ठान्नुभयो। बरु मेयर राजन श्रेष्ठले विदुरलाई सिँचाइ र बस्ती विकास दुवै चाहिएको भन्दै मध्यमार्गी विचार राख्नुभएको थियो। यतिखेर मलाई मेरा वडाध्यक्ष र मेयर सा'बलाई त्यही प्रश्न सोध्न मन लाग्यो- अब पनि सिँचाइ नै भन्ने हो कि बस्ती विकासलाई प्राथमिकतामा पार्ने हो ? यो बाढीले विदुर नगरपालिकाका देवीघाट, ढुङ्गे, त्रिशूली, भैंसे, तुप्चेलगायतका बस्ती सखाप पारेपछि तिनको पुनर्स्थापना अब पुरानै ठाउँमा सहज पनि छैन र सुरक्षित पनि छैन। एक-डेढ दशकपछि नदीले स्थायी बाटो लिइसकेपछि र पुरिएको ठाउँमा पनि जमिन दह्रो भइसकेपछि बस्ती विकास सम्भव होला, तर त्यसअघि पुरानै ठाउँमा बस्ती बसाल्न खोज्नु अर्को दुर्घटना नआउला भनेर ढुक्क हुने अवस्था छैन। किनभने नदीको सतह साबिकभन्दा धेरै माथि छ र थोरै मात्र बाढी आउँदा पनि फेरि जलमग्न हुने सम्भावना छ। यस्तो अवस्थामा देवीघाटवासीका लागि पुनर्स्थापना सबैभन्दा उपयुक्त थलो भनेको तल्लो पिपलटार हो। जुन देवीघाटकै विस्तारित बजार बन्न पनि सक्छ। नजिक पनि छ। त्यसका लागि सरकारले स्थानीयवासीको जग्गा मूल्य तिरेर अधिग्रहण गरेर सडक, बिजुली, खानेपानीको व्यवस्था गर्ने र सो जग्गा पीडितलाई दिनु उचित हुनेछ। जसको अन्यत्र घरजग्गा छ, उहाँहरूले पनि पुनर्स्थापनामै समावेश हुन चाहेमा अन्त कतै जग्गा जमिन, घर नभएकालाई भन्दा अलिकति मूल्य लिएर दिनु मनासिव हुनेछ।

नगर क्षेत्रकै कतिपय सरकारी स्कुलसँग आवश्यकभन्दा बढी जमिन छ। विद्यालयलाई खेलमैदान, अन्य अतिरिक्त क्रियाकलाप गर्नका लागि विद्यालय भविष्यमा विस्तारका लागि समेत आवश्यक पर्ने जमिन छाडेर बाँकी जग्गा सरकारले विद्यालयसँग किन्नुपर्छ। जग्गा बिक्रीबाट प्राप्त रकमले विद्यालयको पूर्वाधार सुधार, आधुनिक प्रविधिको प्रयोग गराइने सामग्री खरिदमा लगानी गर्नु मनासिव हुनेछ। त्यसरी किनिएको जग्गामा पनि पूर्वाधार तयार पारेर पीडितलाई दिनु व्यावहारिक र सुरक्षित हुनेछ। अहिलेका लागि विदुर-५ को च्वाडी पब्लिक माविको पिपलटार साइडको र पोष्टबहादुर स्मृति पार्कनजिकको जग्गा सरकारले स्कुलसँग चलनचल्तीको मोलमा किनेर पूर्वाधार तयार पारेर बाढीपीडितलाई पुनर्स्थापना गर्नु बढी बुद्धिमानी हुनेछ। विद्यालयले धान्न सक्नेभन्दा बढी जग्गा राखिरहनुभन्दा परेको समयमा जमिन प्रयोगमा ल्याउन सक्नु बढी बुद्धिमानी हो। बाढीको प्रभावले मानिस कहाँ बस्ने भन्ने यकिन नहुँदा विद्यालयसमेत प्रभावित हुने सङ्केत देखिएका छन्। देवीघाटको रणभुवनेश्वरी मावि, सहिद जगतप्रकाशजंग शाह संस्कृत मावि, चन्द्रज्योति मावि, तुप्चेको चण्डेश्वरी माविमा विद्यार्थी सङ्ख्यामा असर पर्ने देखिएको छ। त्रिभुवन त्रिशूली माविको त नामनिसान नभएकोले के हुने भन्ने सबैभन्दा ठुलो अन्योल छ।

नेपालमा वि.सं. २००७ मा प्रजातन्त्र आएपछिको नुवाकोटकै पहिलो यो स्कुल अब इतिहासबाटै विलीन होला कि भन्ने चिन्ता जिल्लावासी, यो स्कुलका पूर्वविद्यार्थीमा छ। भूकम्पले त बाँचेका मानिसलाई उठ्न सक्ने गरी छाडिदिएको थियो। तर, यो बाढीले जो बाँचे तिनलाई सबैभन्दा सकस बनाइदिएको छ। यदि सरकारले आफ्नो उपस्थिति यो समयमा देखाउन सकेन र विस्थापितलाई इज्जत आमोदअनुसार नजिकैको स्थानमा पुनर्स्थापना गर्न सकेन भने यसले समाजमा डिप्रेसनको समस्या बढेर जानेछ। म भौगोलिक रूपमा टाढा रहेर पनि अनुभूति गरिरहेको छु- विदुर नगरपालिकाका जनप्रतिनिधिको खटाइ र सक्रियता यो महाप्रलयमा जति प्रशंसा गरे पनि कमै हुन्छ। जनताको सेवा गर्न भनेर निर्वाचित भएपछि गर्नैपर्छ। पूर्वजनप्रतिनिधिको सक्रियता र संलग्नता त्यत्तिकै छ। समाजका हरेक वर्ग, समुदाय यो विपत्तिमा एकाकार गर्दै, हातमा हात मिलाएर राहत र उद्धारको कार्यमा संलग्न छन्। अबको राहत भनेको पुनर्स्थापना हो। कतिन्जेल होल्डिङ सेन्टरमा राख्ने ? होल्डिङ सेन्टरको बसाइ जति लामो भयो एकातिर पीडितमा मानसिक तनाव थपिन्छ भने अर्कातिर विद्यालय, स्वास्थ केन्द्र जहाँजहाँ होल्डिङ सेन्टर छन् त्यसले पनि आफ्नो मूल काम (अध्ययन, उपचार) पनि गर्न नपाउने अवस्था बढ्छ। होल्डिङ सेन्टर अल्पकालीन हुन्। नगरका पदाधिकारी, सबै राजनीतिक दलले विस्थापितका लागि पुनर्वास योजनाअघि सार्न र बस्ती विकास गर्न अब सुरु गरिहालून्। नभए यसले समाजमा भयङ्कर द्वन्द्वको सिर्जना गर्नेछ। ***(लेखक भट्ट हाल अमेरिकाको टेक्सासमा रहनुभएको छ।)***

# त्रित्रि बहुमुखी कलेजलाई भग्नावशेषबाट उठाइने योजना

❑ सुजित श्रेष्ठ

**त्रिशूलीबजार।** भदौ १० गतेको भोटेकोशी हुँदै त्रिशूली नदीमा आएको महाप्रलयकारी बाढीले वि.सं. २०६० मा नुवाकोट जिल्लावासीलाई उच्च शिक्षा प्रदान गर्ने उद्देश्यले समुदायको अग्रसरता र त्रिभुवन विश्वविद्यालयको सम्बन्धनमा स्थापना भएको विदुर-१, त्रिशूलीबजारस्थित त्रिभुवन त्रिशूली बहुमुखी कलेजको भौतिक संरचना भग्नावशेषमा परिणत भएको छ। प्राकृतिक विपत्तिको कठोर प्रहारले कलेजको भविष्य अन्योल भएको छ।

त्रिशूली नदीमा आएको विनाशकारी बाढीले स्थापनाकालदेखि स्नातक तहअन्तर्गत व्यवस्थापन र शिक्षाशास्त्र सङ्कायको विभिन्न विषयमा शैक्षिक कार्यक्रम सञ्चालन गर्दै आएको कलेजले वि.सं. २०७० देखि स्नातकोत्तर तहतर्फ व्यवस्थापन सङ्कायमा एमबिएसको कक्षा सञ्चालन गर्दै आएको क्याम्पसलाई बाढीले अकल्पनीय क्षति पुगेको कलेज प्रमुख रीता पछाईले बताउनुभयो। विद्यार्थीको चहलपहलले भरिने कक्षाकोठा, ज्ञान र अनुसन्धानको केन्द्र पुस्तकालय, शैक्षिक कार्यक्रमले गुञ्जिने सभाहल, विद्यार्थीको भविष्य निर्माणका लागि दिनरात सञ्चालन हुने प्रशासनिक भवनको स्वरूप अहिले फेरिएको छ। कतै भवनका भग्नावशेष छन् त कतै बाढीले थुपारेको माटो र ढुङ्गा र गेग्रान छ। ज्ञानको ज्योति फैल्याउने कलेज आज विध्वंसकारी बाढीको पीडादायी साक्षी बनेको कलेजका पूर्वसञ्चालक समितिका अध्यक्ष शुभलाल श्रेष्ठले बताउनुभयो।

दुई दशकको शैक्षिक यात्रा : कलेज नुवाकोटको उच्च शिक्षाको महत्त्वपूर्ण आधार बनेको थियो। स्थापनाकालदेखि स्नातक तहअन्तर्गत व्यवस्थापन र शिक्षाशास्त्र सङ्कायको विभिन्न विषयमा शैक्षिक कार्यक्रम सञ्चालन गर्दै आएको कलेजले वि.सं. २०७० देखि स्नातकोत्तर तहतर्फ व्यवस्थापन सङ्कायमा एमबिएसको कक्षा सञ्चालन गर्दै आइरहेको थियो। उच्च शिक्षा अध्ययन गर्न चाहने विद्यार्थीलाई राजधानी काठमाडौं धाउनुपर्ने बाध्यताको कलेजले अन्त्य मात्र गरेको छैन, आर्थिक रूपले कमजोर परिवारका विद्यार्थीलाई समेत उच्च शिक्षाको पहुँच सहज बनाएको कलेज सञ्चालक समितिका अध्यक्ष राजेश श्रेष्ठले बताउनुभयो। तर, अहिले कलेजको भौतिक संरचना ध्वस्त भएपछि यसको नियमित शैक्षिक गतिविधि पूर्ण रूपमा प्रभावित भएको उहाँले भन्नुभयो।

त्रिविको भर्ना तथा परीक्षा कार्यक्रम अघि बढ्दै : कलेजमा बाढी आउनुभन्दा अघिदेखि नै स्नातक तह प्रथम वर्षको भर्ना कार्यक्रम सञ्चालन भइरहेको थियो। बाढीले गर्दा कलेज सञ्चालन अन्योल बनिरहेको अवस्थामा त्रिभुवन विश्वविद्यालयले भने परीक्षा तथा अन्य शैक्षिक कार्यक्रम अघि बढाइरहेको छ। विश्वविद्यालयको शैक्षिक क्यालेन्डर चलिरहने, तर त्रिशूली कलेज सञ्चालन गर्ने अवस्था नरहने हो भने सबैभन्दा बढी विद्यार्थी नै प्रभावित हुने भएकाले त्रिविले यसबारेमा गम्भीर भएर सोच्नुपर्ने अवस्था छ। प्राकृतिक विपत्तिको कारण संरचना क्षतिग्रस्त भएको हो, तर विद्यार्थीको शैक्षिक वर्ष रोकिनुहुँदैन भनेर सम्बन्धित निकायमा पत्रचार गरिएको कलेज प्रशासनले जानकारी दिएको छ। लामो समय पढाइ अवरुद्ध भए विद्यार्थीको शैक्षिक लय बिग्रन सक्छ। नयाँ भर्ना हुने विद्यार्थीमा अन्योल र उच्च शिक्षाप्रति उत्साहमा कमी आउने, आर्थिक रूपले कमजोर विद्यार्थीले पढाइ नै छोड्ने अवस्थासमेत सिर्जना हुन सक्ने भएकाले त्यसतर्फ कलेज प्रशासनले ध्यान दिएर त्रिविलाई जानकारी गराइरहेको कलेज प्रमुख पछाईले बताउनुभयो।

तत्कालको विकल्प : अहिलेको अवस्थामा सबैभन्दा व्यावहारिक विकल्प तत्काल अस्थायी स्थानको व्यवस्था गरी पठनपाठन र प्रशासनिक काम सञ्चालन गर्नु हो। यसका लागि सार्वजनिक/सरकारी वा नेपाल विद्युत् प्राधिकरणको स्वामित्वमा रहेको, तर उसले उपभोग नगरिएको भवन/जग्गा अस्थायी रूपमा प्रयोग गर्ने सम्भावना खोजिनुपर्दछ। यस विषयमा स्थानीय पालिकाले सम्बन्धित निकायसँग आवश्यक समन्वय र पहल अगाडि बढाउनुपर्ने देखिन्छ। क्याम्पसको उद्देश्य कुनै निकायको स्वामित्व वा अधिकारमा हस्तक्षेप गर्नु होइन, विद्यार्थीको शैक्षिक भविष्यलाई ध्यानमा राखेर कानुनी प्रक्रिया पूरा गरेर अस्थायी प्रयोगको व्यवस्था मिलोस् भन्ने रहेको कलेजका अध्यक्ष राजेशले बताउनुभयो। स्थानीय निकायले यस विषयमा तत्काल नेतृत्व गरेर सकारात्मक निर्णय गरिदिनुपर्ने माग अभिभावकले गरेका छन्।

पुनर्निर्माण पुरानै ढाँचामा होइन : अस्थायी व्यवस्थाले तत्कालीन समस्या समाधान गर्ला, तर दीर्घकालीन समाधानका लागि व्यवस्थित पुनर्निर्माण आवश्यक छ। अब बन्ने कलेज केवल क्षतिग्रस्त भवनको पुनर्निर्माणमा मात्र सीमित हुनुहुँदैन। यसलाई सुरक्षित, आधुनिक, प्रविधिमैत्री र विपत् प्रतिरोधी शैक्षिक केन्द्रको रूपमा विकास गरिनुपर्दछ। यसका लागि दीर्घकालीन गुरुयोजना बनाउन आवश्यक छ।

सबैको साझा दायित्व : बाढीले करिब रु. ११ करोड पचास लाखबराबरको भौतिक क्षति भएको प्रारम्भिक अनुमानको विवरण कलेजले सार्वजनिक गरेको छ। पुनर्निर्माण कलेजको आफ्नो नियमित स्रोतबाट मात्र सम्भव नहुने भएकाले सङ्घीय, प्रदेश, स्थानीय सरकार, विश्वविद्यालय अनुदान आयोग, जनप्रतिनिधि, शिक्षाप्रेमी समाजसेवी, पूर्वविद्यार्थी, अभिभावक, सहयोगी सङ्घसंस्था तथा शुभेच्छुकको सामूहिक पहल आवश्यक छ। सम्बन्धित निकायले क्षतिको यथार्थ मूल्याङ्कन गरी पुनर्निर्माणका लागि आवश्यक बजेट तथा स्रोत सुनिश्चित गरेर विद्यार्थी, अभिभावकलाई विश्वास दिलाउनुपर्ने देखिन्छ। कलेजको पुनर्निर्माणलाई विशेष अभियानको रूपमा अघि बढाउँदै 'त्रिभुवन त्रिशूली बहुमुखी कलेज पुनर्निर्माण अभियान' सञ्चालन गर्न सकिने सम्भावनासमेत खोजिनुपर्ने सुझाव सञ्चालक समितिका सदस्य नारायणबहादुर पाण्डेको छ।

सङ्कल्प होइन, संरचना ढलेको : बाढीले पूरै भवन भत्काएको छ, पुस्तकालय शैक्षिक सामग्री पूरै नष्ट भएको छ, तर उच्च शिक्षाप्रतिको प्रतिबद्धता समाप्त भएको छैन। आजको प्राथमिकता स्पष्ट छ- तत्काल अस्थायी व्यवस्थाबाट कक्षा र प्रशासन सञ्चालन गर्ने तथा सँगसँगै दीर्घकालीन पुनर्निर्माण अघि बढाउनुपर्छ। भवन निर्माणमा समय लाग्न सक्छ, तर विद्यार्थीको गुमेको शैक्षिक समय फिर्ता ल्याउन सकिँदैन। त्यसैले क्याम्पसको पुनर्निर्माण एउटा भवन निर्माण गर्ने विषय मात्र होइन, विद्यार्थीको भविष्य, अभिभावकको सपना, प्राध्यापकको वर्षौंको योगदान र सर्वसुलभ उच्च शिक्षाप्रतिको राज्यको सङ्कल्पको पुनर्निर्माण हो। सञ्चालक समितिका पूर्वअध्यक्ष शुभलालले भन्नुभयो, 'बाढीले संरचना बगायो, अब समुदाय, पूर्वविद्यार्थी, अभिभावक, प्राध्यापक र त्रिविको सङ्कल्पले कलेजलाई फेरि उभ्याउन सकिन्छ, प्राकृतिक विपत्तिले अहिले यस शैक्षिक धरोहरलाई पुनः शून्यबाट उठ्नुपर्ने अवस्थामा पुऱ्याएको छ, सबैको सामूहिक प्रयासले भग्नावशेषबाट फेरि नयाँ, सुरक्षित र आधुनिक क्याम्पस निर्माण गर्नुपर्छ।'

## पाठकपत्र

### अपराधी पक्रिइन्छ

❑ **बाबुराम अधिकारी**

चीनको तिब्बत क्षेत्रमा हिमचट्टान बज्रेर हिमनदीसँगै बगेको बाढीले टिमुरे, स्याफ्रुबेँसी, त्रिशूलीबजार, देवीघाटका सबै पावरहाउस र बजार बगाई दुई दिनसम्म सम्पर्कविहीन हुनुपर्‍यो। नेपाल विद्युत् प्राधिकरणका कर्मचारीले आफ्ना दक्षताले काठमाडौंदेखि बिजुलीको लाइन लगेर बिजुली बत्ती बाली सम्पर्क स्थापना गरिदिनुभयो। तर, बट्टारमा पानीको अझै अभाव छ।

सरकारले २४सै घण्टा हेलिकोप्टरबाट पीडितको सहायता गरिरहेको मौका छोपी यही भदौ १४ गते बिहानको खाना खाएर आफ्नै सुत्ने कोठामा ११ बजे आराम गरिरहेका बखत दुई डाँका आए र एकले मेरी श्रीमतीको कानको कानपासा कानै छिनाएर लग्यो। उनी दुखेर पीडाले कराएपछि अर्काचाहिँ मेरो गलाको सिक्री लिएर भाग्यो। छिमेकीले थाहा पाई 'चोर आयो' भनेर कराएपछि सबै जम्मा भए र पुलिसलाई खबर गरियो। दुई पुलिस अफिसर आए र डाँकाको खोजतलास गर्ने क्रममा छिमेकीको सिसिक्यामेरामा उनीहरू कुदिरहेको देखे। तिनले त्यो फोटो मलाई देखाए र मैले उनीहरूको पहिचान गरेँ। त्यसपछि प्रहरीले अभियुक्तको खोजतलास गर्दै छ, आशा छ, तिनलाई पक्रिइनेछ।

यसैबिच बाढीबाट पीडितका लागि राहत बोकेर अमेरिकामा बसोबास गरेका मेरा छोराछोरी यहाँ आउँदै छन्। मेरी कान्छी छोरी राधा विडर पनि एक हप्तापछि आइपुग्दैछिन्, त्यसपछि जेठा छोरा रेशम र कान्छा छोरा राजेन्द्रराज अनि ठुली छोरी रुक्मिणी लम्साल पनि आउँदै छन्। हाम्रो 'असहाय जेहेनदार तथा जनजातिका लागि शिक्षा' नामक संस्थाले पनि मुलुकका बाढीपीडितलाई सक्दो सहयोग गर्नेछ। अनि हामीले सहयोग गरिरहेको शङ्खादेवी माविको दिन पनि एक वर्षअघि फर्कँदै छ भनी हामी ढुक्क भएर बसेका छौं। *विदुर- ४ पुरानो पाटी, बट्टार*

### फेरि उठ्नेछ देवीघाट

❑ **दिनेश अधिकारी**

म विदुर- ३, देवीघाट, नुवाकोटको बासिन्दा हुँ। भोटेकोशीमा आएको भदौ १० गतेको त्यो विनाशकारी बाढीलाई सम्झिँदा आज पनि मन भारी हुन्छ। सुरुमा बाढी यति ठुलो होला भन्ने कल्पना पनि थिएन। जालपादेवी मन्दिरतिर आएर केही क्षति गर्ला, अनि पानी घट्ला भन्ने लागेको थियो, तर परिस्थितिले सोचेभन्दा धेरै भयावह रूप लियो। हिमताल/ग्लेसियर फुटेर आएको भनिएको त्यो आकस्मिक बाढीले केही समयमै ठुलो विनाश मच्चायो। वेत्रावती, ढुङ्गे, त्रिशूली, सिमचौर, सिँचाइ केन्द्र, केन्द्रीय कारागार, बाहुनीबेँसी हुँदै देवीघाटसम्म खोलाको तटीय भूभागमा बाढीले आफ्नो बाटामा भेटेका धेरै संरचना, घर, पसल, व्यवसाय र सम्पत्तिमा ठुलो क्षति पुऱ्यायो। कतिपय ठाउँमा वर्षौंको मिहिनेतले जोडिएका धनसम्पत्ति, घर-व्यवसाय र जीविकोपार्जनको आधार नै बाढीले बगाएर लग्यो, धेरै परिवार एकैछिनमा ठुलो क्षतिको सामना गर्न बाध्य भए।

देवीघाटजस्तो ऐतिहासिक, धार्मिक र सांस्कृतिक पहिचान बोकेको ठाउँमा समेत यस्तो विनाश देख्नुपर्दा स्थानीयवासीका रूपमा मन निकै दुख्यो। जालपा भगवतीको पवित्र क्षेत्र, बजार, घरपसल र आसपासको अवस्था देख्दा यो केवल बाढी नभएर हाम्रो सम्झना, इतिहास र जीवनशैलीमाथि परेको ठुलो चोटजस्तो लाग्यो। बाढी आएको दिन म बाटामा भेटिएकाहरू, चिनेजानेकाहरूलाई हाइहेल्लो गर्दै बाइकमा गुडेको मेरा लागि यही भदौ २१ गतेसम्मका दिनहरू आफ्नै जीवनका अविस्मरणीय दिन बनेका छन्। आफ्नै घर जान नपाएर टाढा बस्नुपर्‍यो, वृद्ध बाआमालाई भेट्न सकिएन। श्रीमती काठमाडौं र म नुवाकोटमा, नजिक भएर पनि परिस्थितिले टाढा बनायो। यहीबिचमा मेरो जन्मदिन पनि पर्‍यो, तर यसपटक त्यसको खुसी परिवारसँग बसेर साट्न सकिएन। बैंकका कर्मचारी भएकाले गरिमा विकास बैंकको जिम्मेवारी पनि निर्वाह गर्दै अत्यावश्यक सेवाका लागि अफिस खोलेर बस्नुपर्‍यो।

१२औं दिनमा विदुर- ५ बाट रोपवे ट्रिवन चढेर त्रिशूली पारि विदुर- ३, देवीघाटस्थित आफ्नै घर पुग्दा मनमा अनेक भावना एकैपटक आए। धेरै दिनपछि बाआमालाई भेट्न पाउने खुसी, बाढीले गरेको विनाश देख्दाको पीडा र आफ्नै घरगाउँमा फर्किन पाउँदाको राहत। आफ्नै माटामा टेक्दा महसुस भयो– घर भनेको केवल चार पर्खाल मात्र होइन रहेछ; यो त आफ्ना मान्छे, सम्झना, अपनत्व र मनको शान्ति रहेछ। यस विपत्तिले धेरै कुरा सिकाएको छ। प्रकृतिको अगाडि मानिस कति कमजोर हुँदोरहेछ भन्ने देखायो, तर विपत्तिका समयमा मानिसले एक-अर्कालाई दिएको साथ, सहयोग र हिम्मतले हामी अझ बलियो बन्न सक्छौं भन्ने आशा पनि दिएको छ। मजस्तै घर जान नपाएका, आफन्तबाट टाढिनुपरेका र बाढीका कारण आफ्नो सर्वस्व गुमाउनुपरेका धेरै मनहरू होलान्। उहाँहरू सबैमा धैर्य, हिम्मत र आशा मिलोस्। बाढीले पुऱ्याएको क्षति अपूरणीय छ, तर अब हाम्रो जिम्मेवारी फेरि उठ्ने, पुनर्निर्माण गर्ने र देवीघाटलाई पुरानै रौनकमा फर्काउने हो। त्रिशूलीको त्यो कहालीलाग्दो दिन सम्झनामा रहने छ, तर भन्ने विश्वास पनि मनमा जीवितै छ। *विदुर- ३ माझगाउँ, देवीघाट, नुवाकोट*

एनएलजी
सम्पत्ती सुरक्षा बीमा



कलकारखाना तथा गोदाममा रहेको स्टक होस् वा अफिसमा रहेको सम्पति आगलागि वा अन्य कारणबाट हुने सम्भावित क्षतिको लागि एनएलजी इन्स्योरेन्सको सम्पति सुरक्षा बीमा लिई आफ्नो व्यापार व्यवसायको
सुरक्षाको सुनिश्चितता गरौं

सबैको सुरक्षा, एनएलजीको ईच्छा
GPO Box: 20600, Panipokhari, Lazimpat, Kathmandu
Phone: 4418113, 4006625, Fax: 977-1-4416427
Toll Free No.1660-01-99099
email: info@nlgi.com.np, nlgi@mail.com.np
www. nlg.com.np

NLG
एनएलजी इन्स्योरेन्स कम्पनी लिमिटेड
सबैको सुरक्षा, एनएलजीको ईच्छा

## हार्दिक समवेदना



जन्म : २०४०/०४/०७

स्वर्गारोहण : २०८३/०५/१०

यस सहकारी संस्थामा कार्यरत कर्मचारी एवम् सेयर सदस्य श्री कल्पना खड्का पौडेलका पति **रामकाजी पौडेल**को भदौ १० गत भोटेकोशी-त्रिशूली नदीको बाढीमा परी अकल्पनीय र असामयिक स्वर्गारोहण भएको खबरले हामी स्तब्ध भएका छौं।
शोकको यस घडीमा शोकसन्तप्त परिवारजनप्रति गहिरो समवेदना प्रकट गर्दै ईश्वरले धैर्यधारण गर्ने क्षमता प्रदान गरून् भनी प्रार्थना गर्दछौं।

**वैकुण्ठ मिश्र,** ***अध्यक्ष***
**प्रकाशकुमार अधिकारी,** ***व्यवस्थापक***
**एवम्**
**जयगणेश बहुउद्देश्यीय सहकारी संस्था लि. परिवार**
विदुर-२, नुवाकोट

## हार्दिक समवेदना



जन्म : १९९७/०८/११

स्वर्गारोहण : २०८३/०५/१२

यस सहकारी संस्थाका सेयर सदस्य एवम् सल्लाहकार श्री शंकरबहादुर अमात्यका पुजनीय पिता, सेयर सदस्य श्री प्रमिला अमात्यका ससुराबुबा तथा सेयर सदस्य श्री प्रनिश अमात्यका हजुरबुबा **चित्रबहादुर अमात्य**को असामयिक स्वर्गारोहण भएको खबरले हामी स्तब्ध भएका छौं।
शोकको यस घडीमा शोकसन्तप्त परिवारजनप्रति गहिरो समवेदना प्रकट गर्दै ईश्वरले धैर्यधारण गर्ने क्षमता प्रदान गरून् भनी प्रार्थना गर्दछौं।

**तुलसी दवाडी,** ***अध्यक्ष***
**तकबहादुर गोदार,** ***व्यवस्थापक***
**एवम्**
**सक्षम बहुउद्देश्यीय सहकारी संस्था लि. परिवार**
विदुर-४, बट्टार, नुवाकोट

# बाढीबाट क्षति पुगेका १५ सहकारीलाई राष्ट्रिय सहकारी बैंकद्वारा रु. २० लाख सहयोग

**विदुर ।** भदौ १० गते भोटेकोशी हुँदै त्रिशूली नदीमा आएको विनाशकारी बाढीबाट नुवाकोटका १५ सहकारीमा पूर्ण रूपले क्षति भएको छ। जिल्ला सहकारी सङ्घ नुवाकोटका अनुसार बाढीबाट विदुर-१ त्रिशूलीमा सञ्चालनमा रहेका साँघु बहुउद्देश्यीय सहकारी संस्था लि., उपकार बचत तथा ऋण सहकारी संस्था लि., त्रिशूली बचत तथा ऋण सहकारी संस्था लि., दक्षिणकाली बचत तथा ऋण सहकारी संस्था लि., कुलभक्तेश्वर बचत तथा ऋण सहकारी संस्था लि. रहेका छन्।

त्यसैगरी, विदुर- १ धोबीखोलामा रहेको मातृभूमि बहुउद्देश्यीय सहकारी संस्था लि., विदुर- १ ढुङ्गेको माता मनकामना बचत तथा ऋण सहकारी संस्था लि. र विदुर- ७ तुप्चे सोलेको हाम्रो सहकारी संस्था लि.मा पूर्ण रूपमा क्षति पुगेको छ। उक्त बाढीले विदुर- १० वेत्रावतीमा रहेको शुभकामना बहुउद्देश्यीय सहकारी संस्था लि., उत्तरगया बचत तथा ऋण सहकारी संस्था लि., शुभारम्भ बचत तथा ऋण सहकारी संस्था लि., विकासशील कृषि सहकारी संस्था लि., नवदीप कृषि सहकारी संस्था लि., लाङ्टाङ बहुउद्देश्यीय सहकारी संस्था लि. र विदुर- ५ देवीघाटमा रहेको जालपादेवी बहुउद्देश्यीय सहकारी संस्था लि.मा क्षति पुगेको छ। सङ्घका अध्यक्ष अधिकारीले संस्थाको क्षति केवल भौतिक संरचना र सम्पत्तिको क्षति मात्र नभई वर्षौंदेखि सङ्कलित संस्थागत अभिलेख, कागजात, सदस्यहरूको विवरण तथा सहकारी अभियानको महत्त्वपूर्ण सम्पत्तिको क्षति भएको बताउनुभएको छ। यसले प्रभावित संस्था र हजारौं सदस्यको दैनिक आर्थिक तथा संस्थागत जीवनमा गम्भीर असर पार्न सक्ने चिन्ता व्यक्त गर्नुभयो।

त्यसैगरी, राष्ट्रिय सहकारी बैंक लिमिटेडले बाढीपहिरोबाट प्रभावित सहकारी सङ्घ-संस्थाको सेवा पुनः सञ्चालन, अभिलेख संरक्षण तथा संस्थागत पुनर्स्थापनाका लागि रु. २० लाख विनियोजन गरेको छ। रसुवा, नुवाकोट, धादिङलगायत विभिन्न जिल्लामा आएको अप्रत्याशित बाढी तथा पहिरोबाट भएको मानवीय तथा भौतिक क्षतिप्रति दुःख व्यक्त गर्दै बैंकले विपत् प्रभावित सहकारी संस्थालाई सहयोग गर्ने निर्णय गरेको हो। बैंकका अनुसार विपत्का कारण सहकारी सङ्घ-संस्थाका अभिलेख, प्रविधिगत सामग्री तथा भौतिक पूर्वाधारमा क्षति पुग्दा सेवा प्रवाहमा समस्या उत्पन्न भएको छ। उक्त अवस्थालाई मध्यनजर गर्दै विनियोजन गरिएको रु. २० लाख सम्बन्धित जिल्ला सहकारी सङ्घसँगको समन्वय तथा बैंकको सञ्चालक समितिबाट स्वीकृत मापदण्डबमोजिम वितरण गरिनेछ। बाढीपहिरोबाट बैंकको नुवाकोट शाखामा कार्यरत तीनजना कर्मचारीको भौतिक सम्पत्तिमा क्षति पुगेको तथा केही कर्मचारीका आफन्तजन अझै सम्पर्कविहीन रहेको अवस्थामा बैंकका कर्मचारीले स्वस्फूर्त रूपमा रु. ६ लाख चार हजार पाँच सय ३२ पैसा ६७ सङ्कलन गरेका छन्। सङ्कलित रकमबाट प्रभावित तीनजना कर्मचारीलाई जनही रु. ५० हजारका दरले तत्काल राहत प्रदान गरिएको बैंकले जनाएको छ। बैंकको सञ्चालक समिति तथा लेखा सुपरिवेक्षण समितिका सदस्यले समेत एक दिनबराबरको बैठक भत्ता योगदान गर्ने भएका छन्।

यस्तै, सञ्चालक समितिको निर्णयअनुसार प्रधानमन्त्री दैवीप्रकोप उद्धार कोषमा रु. पाँच लाख ५५ हजार पाँच सय ५५ आर्थिक सहयोग प्रदान गरिने भएको छ। विपत्को समयमा उद्धार, राहत तथा पुनर्स्थापनामा सक्रिय नेपाल सरकार, सुरक्षा निकाय, स्थानीय तह, स्वयम्सेवी संस्था तथा अन्य सरोकारवाला निकायको भूमिकाको प्रशंसा गर्दै बैंकले प्रभावित नागरिकको सुरक्षित उद्धार, अस्थायी आवास, खाद्यान्न, खानेपानी तथा स्वास्थ्य सेवाजस्ता आधारभूत आवश्यकता शीघ्र सुनिश्चित गर्न आग्रह गरेको छ। सहकारी अभियानको साझा अभिभावक तथा सहकारी क्षेत्रको अग्रणी वित्तीय संस्थाका रूपमा बैंकले प्रभावित सहकारी संस्थाको पुनर्स्थापना, सेवा प्रवाहको निरन्तरता तथा संस्थागत सुदृढीकरणका लागि आवश्यक वित्तीय, प्राविधिक तथा संस्थागत सहयोग उपलब्ध गराउन प्रतिबद्ध रहेको जनाएको छ।

## भोटेकोशी त्रिशूली बाढीबाट सुनचाँदीका १८ पसलमा क्षति, दुई बेपत्ता

**त्रिशूली ।** भदौ १० गते भोटेकोशी हुँदै त्रिशूली नदीमा आएको महाप्रलयकारी बाढीले नुवाकोट जिल्लाका १८ सुनचाँदी पसलसहित सुनचाँदी व्यवसायी सङ्घको कार्यालयमा क्षति पुगेको छ। बाढीमा परी एक व्यवसायीका श्रीमती र छोरा बेपत्ता भएका छन्।

सङ्घका सचिव सविन अमात्यका अनुसार प्रदीप शाक्यको लक्ष्मी गहना तथा कपडा पसल विदुर- १ त्रिशूली, नानु गुरुङको निशा सुनचाँदी पसल विदुर- १ त्रिशूली, तेशा तामाङको तामाङ सुनचाँदी पसल विदुर- १ त्रिशूली, आनन्द शाक्यको आनन्द गहना पसल विदुर- १ त्रिशूली, अनेश शाक्यको न्यु आनन्द गहना पसल विदुर- १ त्रिशूली, लिवेश शाक्यको लिवेश गहना पसल विदुर- १ त्रिशूली, सुजनरत्न बज्राचार्यको रत्नकाजी बज्राचार्य एन्ड सन्स विदुर- १ त्रिशूली, बेगबहादुर सुनारको गोसाईंकुण्ड सुनचाँदी पसल विदुर- १ त्रिशूली, कुमार सुनारको नवबुद्ध सुनचाँदी पसल विदुर- १ त्रिशूली, रञ्जना शाक्यको तेजबहादुर शाक्य एन्ड सन्स अर्नामेन्टस् विदुर- १ त्रिशूली, धिराज सुनारको ऋषिश्वर सुनचाँदी पसल विदुर- १ त्रिशूली, जीवन गजमेरको जय शिव सुनचाँदी पसल विदुर- १ त्रिशूली, अक्षय गिद्देको त्रिशूली ज्वेलर्स विदुर- १ त्रिशूली, ईश्वर सुनारको सूर्यविनायक सुनचाँदी पसल विदुर- १ त्रिशूली, केदार सुनारको कान्तिपुर सुनचाँदी पसल विदुर- १ त्रिशूली, महालक्ष्मी सुनचाँदी पसल विदुर-१ त्रिशूली, ओम गणपति सुनचाँदी पसल, विदुर- १ त्रिशूली, वनदेवी सुनचाँदी पसल विदुर- १ ढुङ्गे र सङ्घको कार्यालय भवनमा क्षति भएको छ। लक्ष्मी गहना तथा कपडा पसल र निशा सुनचाँदी पसलमा आंशिक क्षति भएको छ भने अन्य सम्पूर्ण पसल र पसलका सामान बाढीमा बगेको छ।

## मेरो माइक्रोफाइनान्सद्वारा दैवीप्रकोप उद्धार कोषमा रु. साढे १४ लाखभन्दा बढी सहयोग


A/C PAYEE ONLY
Citizens Bank DURBARMARG BRANCH
Date 0 3 0 9 2 0 2 6
Pay against this cheque to **PRIME MINISTER DISASTER RELIEF FUND**
The sum of **Fourteen Lakh Fifty Five Thousand Only**
XXX
XXX
**14,55,000.00**
0010100000115401 NPR
MEROMICROFINANCE LAGHUBITTA
BITTIYA SANSTHA L
OVERDRAFT ACCOUNT
38844647

**काठमाडौँ ।** हालैको प्राकृतिक विपत्का कारण रसुवा, नुवाकोट, धादिङलगायतका जिल्लामा भएको बाढी-पहिरोपीडितका लागि नुवाकोटको विदुर- २, बट्टारमा केन्द्रीय कार्यालय रहेको मेरोमाइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेडले रु. १४ लाख ५५ हजार आर्थिक सहयोग गरेको छ।

हालैको प्राकृतिक विपत्का कारण रसुवा, नुवाकोट, धादिङलगायतका जिल्लामा बाढी-पहिरोबाट भएको मानवीय तथा भौतिक क्षतिप्रति संस्थाले गहिरो दुःख व्यक्त गरेको छ। संस्थाको केन्द्रीय कार्यालय बट्टार, नुवाकोटसहित पाँचवटा शाखा कार्यालयसमेत यस विपत्बाट प्रत्यक्ष प्रभावित भएका छन्। यसै सन्दर्भमा विपत्पीडितको राहत, उद्धार र पुनर्स्थापनामा सहयोग पुऱ्याउन संस्था र कर्मचारीको तर्फबाट दैवीप्रकोप उद्धार कोषमा रु. १४ लाख ५५ हजार सहयोग प्रदान गर्ने निर्णय गरेको संस्थाले जनाएको छ। संस्थाले विपत्मा ज्यान गुमाउनेप्रति श्रद्धाञ्जली अर्पण गर्दै घाइते तथा प्रभावितको शीघ्र स्वास्थ्यलाभको कामना गरेको छ। साथै, उद्धार र राहत कार्यमा खटिएका नेपाल सरकार, सुरक्षा निकाय, स्वयम्सेवक र सहयोगीप्रति आभार व्यक्त गरेको छ।

## बाढी प्रभावित पत्रकार र परिवारलाई रु. एक लाख सहयोग

**विदुर ।** नेपाल पत्रकार महासङ्घ बागमती प्रदेश समितिले भोटेकोशी नदीमा आएको बाढीबाट प्रभावित पत्रकार र उहाँहरूका परिवारलाई रु. एक-एक लाखको दरले आर्थिक सहयोग गरेको छ। महासङ्घ बागमती प्रदेशका अध्यक्ष कृष्ण सारूमगरले दिएको जानकारीअनुसार रसुवाका नीराजन पौडेल, नुवाकोटका किरण अधिकारी र सन्नी श्रेष्ठ, धादिङका विपिन मल्ल तथा बाढीमा बेपत्ता नुवाकोटका पत्रकार राजकुमार नेपालीका परिवारलाई सहयोग गरेको हो।

भदौ १० गते रसुवास्थित भोटेकोशी नदीमा आएको भीषण बाढीबाट पत्रकार तथा उनीहरूका परिवारसमेत प्रभावित भएका थिए। महासङ्घका अनुसार प्रभावित पत्रकार तथा परिवारको अवस्थाका आधारमा सम्बन्धित शाखामार्फत तथा प्रत्यक्ष भेटेर सहयोग रकम हस्तान्तरण गरिएको हो। बाढीमा परी पत्रकार नीराजन पौडेलले बुबाआमा, काकाकाकी र बहिनीसहित परिवारका पाँच सदस्य गुमाउनुभएको छ। उहाँ रातोपाटी अनलाइनमा कार्यरत पत्रकार तथा नेपाल पत्रकार महासङ्घ रसुवा शाखाका सदस्य हुनुहुन्छ। उहाँको स्थायी घर नुवाकोटको विदुर- ७, तुप्चे रहेको महासङ्घले जनाएको छ।

महासङ्घ बागमती प्रदेशका अध्यक्ष सारूमगरको अगुवाइमा नुवाकोट शाखाका अध्यक्ष रामहरि गजुरेल, रसुवा शाखाका अध्यक्ष केशव पौडेल र धादिङ शाखाका अध्यक्ष सीताराम अधिकारीलगायतको समन्वयमा प्रभावित पत्रकार तथा परिवारलाई भेटेर सहयोग गरिएको हो। बाढीका कारण पत्रकारका घरपरिवारमा क्षति पुग्नुका साथै उहाँहरू कार्यरत सञ्चारमाध्यमसमेत प्रभावित भएका छन्। सडक तथा यातायात अवरुद्ध हुँदा समाचार सङ्कलनमा कठिनाइ भएको, विद्युत् र इन्टरनेटसेवा प्रभावित हुँदा समाचार सम्प्रेषणमा समस्या भएको तथा सञ्चार उपकरणमा समेत क्षति पुगेको महासङ्घले जनाएको छ।

## पुनर्निर्माणको ...

त्यसैले नेपालले अन्तर्राष्ट्रिय मञ्चमा भावनात्मक अपिल मात्र होइन, प्रमाणमा आधारित दाबी प्रस्तुत गर्नुपर्छ। प्रत्येक ठुलो विपत्को मानवीय, भौतिक, आर्थिक र वातावरणीय क्षतिको वैज्ञानिक मूल्याङ्कन गरी त्यसलाई अन्तर्राष्ट्रिय जलवायु वित्तसँग जोड्नुपर्छ। हानि र क्षतिसम्बन्धी अन्तर्राष्ट्रिय संयन्त्रबाट उपलब्ध स्रोतमा नेपालले प्रभावकारी पहुँच बनाउनुपर्छ। तर, अन्तर्राष्ट्रिय सहायता माग्नु मात्र पर्याप्त हुँदैन। प्राप्त रकम कहाँ खर्च भयो, कुन परियोजनामा गयो र त्यसबाट जोखिम कति घट्यो भन्ने कुरा पारदर्शी हुनुपर्छ। जलवायु वित्तलाई नियमित प्रशासनिक खर्चमा होइन, जोखिम न्यूनीकरण, सुरक्षित पूर्वाधार, पुनर्वास, पूर्वसूचना प्रणाली र स्थानीय अनुकूलनमा केन्द्रित गर्नुपर्छ।

भोटेकोशीको घटनाबाट नेपालले एउटा दीर्घकालीन नीति पाठ लिनुपर्छ- विपत् व्यवस्थापनलाई गृह मन्त्रालय वा सुरक्षा निकायको मात्र जिम्मेवारी मान्ने पुरानो दृष्टिकोणबाट बाहिर आउनुपर्छ। वित्त, ऊर्जा, भौतिक पूर्वाधार, सहरी विकास, कृषि, पर्यटन, वन, स्वास्थ्य र शिक्षा सबै मन्त्रालयको नीति विपत् जोखिमसँग जोडिनुपर्छ। स्थानीय सरकारलाई जोखिम नक्सा, बस्ती व्यवस्थापन, पूर्वसूचना, उद्धार र पुनर्स्थापनामा पर्याप्त स्रोत र अधिकार दिनुपर्छ। सङ्घीय सरकारले राष्ट्रिय मापदण्ड र वित्तीय सहयोग उपलब्ध गराउने तथा प्रदेश र स्थानीय सरकारले त्यसलाई स्थानीय आवश्यकताअनुसार कार्यान्वयन गर्ने स्पष्ट प्रणाली बनाउनुपर्छ। नयाँ सडक बनाउँदा जोखिम मूल्याङ्कन, नयाँ बस्ती बसाउँदा भू-जोखिम मूल्याङ्कन र नयाँ जलविद्युत् आयोजना स्वीकृत गर्दा जलवायु जोखिम मूल्याङ्कन अनिवार्य गर्ने कानुनी व्यवस्था आवश्यक छ। विकास र वातावरणलाई एक-अर्काको विरोधी होइन, सुरक्षित विकासको दुई आधारका रूपमा हेर्नुपर्छ।

**निचोड :** विपत्पछि पुरानै ठाउँमा पुरानै कमजोरीसहित पुनर्निर्माण गर्ने प्रवृत्ति अन्त्य गर्नुपर्छ। पुनर्निर्माणको अर्थ भत्केको संरचना फेरि उभ्याउनु मात्र होइन; भविष्यको विपत्बाट मानिस र अर्थतन्त्रलाई अझ सुरक्षित बनाउनु हो। नेपालले अन्तर्राष्ट्रिय समुदायसँग जलवायु न्यायको दाबी गर्नुपर्छ। तर, त्यससँगै आफ्नै घरभित्र पनि जवाफदेही, वैज्ञानिक र जोखिम-सचेत विकास प्रणाली निर्माण गर्नुपर्छ। जलवायु परिवर्तनको भार नेपालले मात्र बोक्नुपर्ने होइन, तर आफ्नो नागरिकको जीवन जोगाउने पहिलो जिम्मेवारी भने राज्यकै हो। हामीले अब राहत वितरण गर्ने राज्य होइन, जोखिम घटाउने राज्य निर्माण गर्नुपर्छ। विपत् आएपछि उद्धार गर्ने मात्र होइन, विपत् आउनुअघि चेतावनी दिने राज्य चाहिन्छ। घर भत्किएपछि क्षतिपूर्ति दिने मात्र होइन, घर कहाँ र कसरी बनाउने भन्ने वैज्ञानिक निर्णय गर्ने राज्य चाहिन्छ र जलवायु परिवर्तनको क्षति सहेर बस्ने होइन, न्यायोचित अन्तर्राष्ट्रिय जलवायु वित्तका लागि प्रमाणसहित आवाज उठाउने नेपाल चाहिन्छ। भोटेकोशीको बाढीमा बगेका जीवन फर्काउन सकिँदैन। तर, ती जीवनको मूल्यमा हामीले भविष्यको नेपाललाई सुरक्षित बनाउन सक्छौं। यही नै आजको सबैभन्दा ठुलो जिम्मेवारी हो। *(लेखक बैंकर हुनुहुन्छ।) लिखु- १ ढिकुरे*


# हार्दिक श्रद्धाञ्जली

वि.सं. २०८३ भदौ १० गते भोटेकोशी-त्रिशूली नदीको महाप्रलयकारी बाढीमा परी जोशीजनसहित त्रिशूली नदी तटीय क्षेत्रका हजारौं व्यक्तिको असामयिक अकल्पनीय निधनको खबरले समस्त जोशी समाज स्तब्ध भएको छ। शोकको यस दुःखद घडीमा दिवंगत आत्माको चिरशान्तिको कामनासहित हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै, जोशी परिवारसहित शोकसन्तप्त सम्पूर्ण परिवारजनमा गहिरो समवेदना प्रकट गर्दछौं।

*विध्वंसात्मक बाढीमा परी घाइते हुनुभएका सम्पूर्ण दाजुभाइ, दिदीबहिनीको शीघ्र स्वास्थ्यलाभ र ज्यान गुमाउनुहुने सबैको आत्माको चिरशान्तिका लागि कामना गर्दछौं।*

**स्वर्गारोहण भएका जोशीजनहरू :**

*मञ्जुदेवी जोशी, लक्ष्मी जोशी, सुमेधा जोशी अमात्य, प्रेमा श्रेष्ठ जोशी, राजेश जोशी, जीवनदेवी जोशी, आइतमान जोशी, सुमान्सी जोशी, सरिता जोशी रञ्जित, अञ्जना जोशी, आदित्यमान जोशी, सुप्रित जोशी, नरेन्द्र जोशी, सरिता श्रेष्ठ जोशी*

**जोशी समाज नुवाकोट**
जिल्ला कार्यसमिति परिवार

# हार्दिक समवेदना

*'आयो टप्प टिप्यो लग्यो, मिति पुग्यो टारेर टर्दैन त्यो,*
*इन्द्रै बिन्ती गरून्, झुकेर पदमा त्यो बिन्ती सुन्दैन त्यो'*




यस समूहका सदस्य एवम् जिल्लाका सफल प्रतिष्ठित व्यवसायी हाम्रा अनन्य मित्रद्वय **हरिकृष्ण डङ्गोल** (विदुर-१० वेत्रावती) र **मुक्तबहादुर बोगटी** (विदुर- १, त्रिशूली, **काष्ठ व्यवसायी सङ्घका अध्यक्ष**)को भदौ १० गते अकल्पनीय महाप्रलयकारी त्रिशूली नदीमा आएको बाढीमा परी निधन भएको खबरले हामी स्तब्ध भएका छौं। शोकको यस दुःखद घडीमा स्वर्गीय आत्माको चिरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति भगवान्ले प्रदान गरून् भनी हार्दिक समवेदना अर्पण गर्दछौं।

*ताराबहादुर काकी, हरि अधिकारी, सूर्यकुमार श्रेष्ठ, नवीनकृष्ण राजभण्डारी, सुरेन्द्रबहादुर शाक्य, प्रकाश प्याकुरेल, समीर शाक्य, रामेश्वर गुणी, सविन अमात्य, शिवप्रसाद रिमाल, राजेश पाँडे, अशोककुमार कलवार, शरणउत्सुक सापकोटा, धनबहादुर श्रेष्ठ, टलकमान श्रेष्ठ, प्रेमकुमार सापकोटा, तेजबहादुर प्याकुरेल, विदुर लामिछाने, जीवन श्रेष्ठ, श्यामकृष्ण चालिसे, उमेश थपलिया, वीरेन्द्रराज केसी, नारायण घले, रमेश बस्नेत, राजेन्द्र श्रेष्ठ, उपेन्द्र बुढाथोकी, लालबाबु गुप्ता, आनन्द शाक्य, उमेश श्रेष्ठ, पुरुषोत्तम कार्की, सुनील पनेरू, उद्धव पन्थ, नारायण श्रेष्ठ, वृजकिशोर (भिखारीप्रसाद) गुप्ता, राजु गुप्ता, अम्बर कार्की*

# हार्दिक समवेदना



जन्म : २०२६/०२/१३
स्वर्गारोहण : २०८३/०५/१०
**स्व. राजु श्रेष्ठ**



जन्म : २०३५/१२/०६
स्वर्गारोहण : २०८३/०५/१०
**स्व. तारा प्याकुरेल**

यस सहकारी संस्थाका सेयर सदस्य विदुर- ४ का **राजु श्रेष्ठ** र सेयर सदस्य विदुर- १० का श्री सुदर्शन प्याकुरेलकी धर्मपत्नी **तारा प्याकुरेल**को भदौ १० गत भोटेकोशी-त्रिशूली नदीको बाढीमा परी अकल्पनीय र असामयिक स्वर्गारोहण भएको खबरले हामी स्तब्ध भएका छौं। शोकको यस घडीमा शोकसन्तप्त परिवारजनप्रति गहिरो समवेदना प्रकट गर्दै ईश्वरले धैर्यधारण गर्ने क्षमता प्रदान गरून् भनी प्रार्थना गर्दछौं।

**वैकुण्ठ मिश्र,** *अध्यक्ष* **प्रकाशकुमार अधिकारी,** *व्यवस्थापक*
**एवम्**
**जयगणेश बहुउद्देश्यीय सहकारी संस्था लि. परिवार**
विदुर- २, नुवाकोट

## वेत्रावती–गल्छी ...

प्राविधिक विज्ञसँगको परामर्शमा पुल निर्माण अघि बढाइएको महासङ्घका अध्यक्ष निकोलस पाण्डेले जानकारी दिनुभयो। पुल निर्माणपछि नुवाकोट जिल्ला अस्पतालसहित किस्पाङ र म्याग्ङ गाउँपालिका तथा विदुर- ३, १२, १३, ७, ८ र ९ का भूभागसँग विच्छेद भएको सम्पर्क पुनर्स्थापना भई हजारौं लाभान्वित हुने नागरिक समाजका अध्यक्ष बद्री त्रिपाठीले बताउनुभयो। गत हप्ता देवीघाट र त्रिशूलीमा जडान भएको तुइनले आवतजावतमा केही सहजता ल्याएकोसमेत उहाँले जानकारी दिनुभयो।

## भोटेकोशी हिमबाढी ...

तत्काल र प्रभावकारी समन्वय आवश्यक हुन्छ। तर, सङ्कटको सुरुवाती चरणमै सरकारले सबै पक्षलाई साथ लिएर अघि बढ्नुको सट्टा 'सबै काम हामी नै गर्छौं' भन्ने एकलकाँटे मानसिकता प्रदर्शन गरेको आरोप लाग्यो। यसको मूल्य अहिले प्रभावित नागरिकले चुकाइरहेका छन्।

नयाँ पार्टी नेतृत्वको सङ्घीय सरकार र पुराना दलको नेतृत्वमा रहेका प्रदेश तथा स्थानीय सरकारबिचको राजनीतिक दूरी विपत् व्यवस्थापनमा समेत देखियो। राजनीतिक प्रतिस्पर्धा आफ्नो ठाउँमा छ, तर बाढीको पानी र पहिरोले सरकारको संरचना, दलको झन्डा वा राजनीतिक विचारधारा हेर्दैन। त्यसैले प्राकृतिक विपत्तिसामु राजनीतिक अहङ्कार प्रदर्शन गर्नु जनताप्रतिको अन्याय हो। 'एकद्वार प्रणाली' आफैंमा गलत अवधारणा होइन। राहतमा दोहोरोपन, अनियमितता र अपारदर्शिता रोक्न समन्वयात्मक प्रणाली आवश्यक हुन्छ। तर, एकद्वारको अर्थ स्रोत र साधनमाथि सरकारको कब्जा होइन। राहत थुपारेर राख्ने, प्रभावित क्षेत्रमा पठाउन ढिलाइ गर्ने, सुरक्षा निकायको प्रभावमा वितरण प्रणाली राख्ने, सरकारनिकट दल वा सङ्घसंस्थालाई प्राथमिकता दिने र अन्य सरोकारवालालाई पाखा लगाउने हो भने त्यो एकद्वार प्रणाली होइन, एकाधिकारको अभ्यास हो। राहतको बोरा कसले पठायो भन्ने प्रश्न गौण हो। त्यो बोरा भोकाएको परिवारसम्म कहिले पुग्यो भन्ने प्रश्न महत्त्वपूर्ण हो। विपत्को समयमा राजनीतिक पहुँचका आधारमा राहत वितरण भएको गुनासो अझ गम्भीर छ। प्रभावित नागरिकको आरोप छ- राहतमा विभेद मात्र भएको छैन, कतिपय ठाउँमा आफ्नो राजनीतिक प्रभाव विस्तार गर्ने माध्यमसमेत बनाइएको छ। यदि विपत्तिलाई समेत पार्टीको सङ्गठन विस्तार गर्ने अवसरका रूपमा प्रयोग गरिँदै छ भने यसभन्दा दुर्भाग्यपूर्ण राजनीति अरू के हुन सक्छ? पीडितको आँसुमा राजनीतिक झन्डा गाडेर कुनै पनि दल ठुलो हुँदैन। अर्को उदेकलाग्दो कुरा र व्यवहार झन् पीडादायक छ। राज्य सञ्चालन भय, त्रास, चरित्रहत्या, मानमर्दन र प्रतिशोधबाट हुन सक्दैन। सरकार आलोचना सुन्न नसक्ने, विपक्षीलाई अपमान गर्ने र असहमतिको आवाजलाई दुस्मनीका रूपमा बुझ्ने बाटोमा लाग्छ भने त्यो लोकतान्त्रिक शासन होइन। दुस्मनी बढाउने, प्रतिशोध साध्ने र त्रास देखाएर शासन चलाउने प्रवृत्ति विधिको शासनको ठिक विपरीत हो। यस्तो शासन शैलीले विपक्षीलाई मात्र क्षति गर्दैन। अन्ततः यसको सबैभन्दा ठुलो क्षति सत्तामै रहेकाले व्यहोर्नुपर्छ। आज जसलाई अपमान गरेर चुप लगाइएको छ, भोलि त्यही असन्तुष्टि सत्ताविरुद्धको सबैभन्दा ठुलो राजनीतिक ऊर्जा बन्न सक्छ।

सङ्कटको अर्को मोर्चा सूचना हो। यस्तो वेला सरकारको सूचना प्रणाली एउटै, विश्वसनीय र आधिकारिक हुनुपर्छ। तर, प्रधानमन्त्रीले समेत निजी फेसबुकबाट महत्त्वपूर्ण अपडेट दिनुपर्ने अवस्था देखिनु राज्यको संस्थागत सूचना प्रणाली कति कमजोर छ भन्ने प्रश्न उठाउने पर्याप्त आधार हो। अझ खतरनाक कुरा, प्रभावित नागरिक राहतको अभावसँगै मिसइन्फर्मेसन र डिसइन्फर्मेसनको बाढीमा फसेका छन्। सामाजिक सञ्जालमा फैलिएका गलत र मिथ्या सूचनाले त्रास बढाइरहेका छन्। आफन्त गुमाएका, परिवारका सदस्यको अवस्था थाहा नपाएका र क्षतविक्षत शव देखेका मानिस गहिरो मानसिक आघातमा छन्। यस्तो अवस्थामा राज्यले सत्य सूचना दिन नसक्नु आफैंमा अर्को सङ्कट हो। बाढीको हिलो सोर्ने प्रविधि विश्वमै छैन भनेर राज्यलाई जानकारी गराउने प्रधानमन्त्रीको भनाइबाट पीडितलाई कति पीडा थपियो होला? किनभने, विपत्तिमा गलत सूचना पनि एउटा अर्को विपत्ति हो। तर, सरकारलाई प्रश्न गरिरहँदा विपक्षी दलहरूलाई उन्मुक्ति दिन मिल्दैन। एमालेलगायतका दलहरूले 'सरकारले केही गरेन' भन्ने राजनीतिक ताना फलाक्दै, सरकार होइन हामी आफैं गर्छौं भनेर आफ्नो पक्षमा जनमत निर्माण गर्ने प्रयास गर्नु पनि त्यति नै गैरजिम्मेवार देखिन्छ। केपी ओली आफू प्रधानमन्त्री भएका वेला घटेका प्राकृतिक प्रकोपको सम्बोधन गर्न र स्रोतको परिचालन गर्न बनेको त्यही प्रधानमन्त्री राहत कोषमा राहत दिन्नँ भन्नु गैरजिम्मवारीको अर्को उदाहरण हो।

सरकारको असफलता देखाउनु प्रतिपक्षको धर्म हो; तर जनताको पीडालाई राजनीतिक प्रचारको इन्धन बनाउनु प्रतिपक्षको धर्म होइन। अहिले संसद्मा एक-अर्कालाई होच्याउने, आरोप लगाउने र राजनीतिक हिसाबकिताब गर्ने समय होइन। सरकारलाई सहयोग गर्न तयार रहेका दललाई समेत प्रधानमन्त्री स्वयम्ले सदनमै अपमान गर्ने हो भने सहकार्यको ढोका कसरी खुल्छ? विपक्षीका कुरा सुन्नै नचाहने हठले सरकार बलियो हुँदैन; सरकारको कमजोरी झन् उजागर हुन्छ। त्यसमाथि प्रधानमन्त्री स्वयम् तथ्यमा आधारित नभएका अभिव्यक्ति दिने र गृहमन्त्री राहत तथा उद्धारको वास्तविक व्यवस्थापनभन्दा प्रचारमुखी गतिविधि र 'स्टन्ट'मै रमाउने प्रवृत्तिको आलोचना खेपिरहेका छन्। सङ्कटमा नागरिकले क्यामेराअघि देखिने मन्त्री र सांसद खोजेका होइनन् उनीहरूले आफ्नो गाउँमा पुग्ने हेलिकोप्टर, उद्धार टोली, औषधि, खाना र सुरक्षित आश्रय खोजिरहेका छन्। महाविपत्तिको यो समयमा पनि दलहरूबिच सहमति र सहकार्य किन हुन सकिरहेको छैन? के सत्ता यति ठुलो हो कि मृतकको सङ्ख्या पनि त्यसका अगाडि सानो देखिन्छ? के राजनीतिक प्रतिशोध यति गहिरो छ कि पीडितको पीडाले पनि दलहरूलाई एउटै टेबलमा बसाउन सक्दैन? के राहतसमेत राजनीतिक प्रभाव क्षेत्रको विषय बन्नुपर्ने हो? यी प्रश्नको जवाफ सरकारले दिनैपर्छ। विपक्षी दलहरूले पनि दिनैपर्छ। आज आवश्यक कुरा एक-अर्काको दोष खोजेर तत्काल राजनीतिक लाभ लिनु होइन। अहिलेको प्राथमिकता मानिस बचाउनु, बेपत्ताको खोजी गर्नु, घाइतेको उपचार गर्नु, राहत पुऱ्याउनु र जनताको मनोबल जोगाउनु हो।

सरकारले आफ्नो अहङ्कार त्याग्नुपर्छ। विपक्षीले आफ्नो राजनीतिक स्वार्थ थाती राख्नुपर्छ। प्रदेश र स्थानीय तहलाई सङ्घीय सरकारको प्रतिद्वन्द्वी होइन, सहयात्रीका रूपमा हेर्नुपर्छ। सुरक्षा निकायलाई राहत वितरणको विकल्प होइन, समन्वयात्मक प्रतिकार्यको महत्त्वपूर्ण अङ्ग बनाउनुपर्छ। नागरिक समाज, निजी क्षेत्र, गैरसरकारी तथा अन्तर्राष्ट्रिय संस्थाले उपलब्ध गराएका स्रोतलाई राजनीतिक निकटताका आधारमा होइन, आवश्यकताका आधारमा परिचालन गर्नुपर्छ। सबैभन्दा पहिले सरकारले यथार्थ तथ्याङ्क सार्वजनिक गर्नुपर्छ। कति मानिस प्रभावित भए? कति बेपत्ता छन्? कतिको मृत्यु भयो? कुन क्षेत्रमा कस्तो क्षति भयो? कहाँ के आवश्यक छ? राज्यसँग यी प्रश्नको स्पष्ट उत्तर हुनुपर्छ। किनकि तथ्याङ्कविहीन सरकार अँध्यारोमा हिँडिरहेको सरकार हो र अन्ततः एउटा कुरा स्पष्ट छ, महाविपत्ति राजनीतिक शक्ति प्रदर्शन गर्ने मञ्च होइन। यो राज्यको चरित्र र राजनीतिक नेतृत्वको परीक्षा हो। आज जनताले सरकारसँग भाषण होइन, उपस्थिति खोजिरहेका छन्। विपक्षीसँग आरोप होइन, सहकार्य खोजिरहेका छन्। राजनीतिक दलसँग प्रचार होइन, भरोसा खोजिरहेका छन्। बाढीले घर बगाइसकेको छ। पहिरोले परिवार छुटाइसकेको छ। मृत्युले सयौं सपना समाप्त गरिसकेको छ। अब कम्तीमा राज्यले राजनीतिक अहङ्कार बगाउन सक्नुपर्छ। महाविपत्तिमा पनि यदि सत्ता र प्रतिपक्ष एक ठाउँमा उभिन सक्दैनन् भने समस्या विपत्ति मात्र होइन, हाम्रो राजनीतिक संस्कार र इमानदारितामै छ। त्यसैले अहिलेको एक मात्र बाटो हो- आरोप होइन, सहकार्य। प्रतिशोध होइन, राहत। प्रचार होइन, उद्धार। सत्ता-अहङ्कार होइन, जनताको जीवन। किनकि यो विपत्तिमा हार्ने वा जित्ने कुनै दल होइन, हार्ने वा जित्ने नेपाल र नेपाली जनता हुन्।

## प्रभावितलाई ...

जीविकोपार्जनको आधार खोसिएका नागरिकको पीडा गहिरो छ।' उद्धार गरिएका प्रत्येक व्यक्तिको खाद्यान्न, स्वच्छ खानेपानी, सुरक्षित आश्रय, आवश्यक औषधोपचार तथा मनोसामाजिक सेवाको पहुँच सुनिश्चित हुनुपर्नेमा राष्ट्रपति पौडेलले जोड दिनुभयो। उहाँले बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, गर्भवती तथा अन्य जोखिममा रहेका र विशेष संरक्षण आवश्यक पर्ने नागरिकप्रति विशेष ध्यान दिनुपर्ने बताउनुभयो। 'मृतकको पहिचान अत्यन्त सावधानी, संवेदनशीलता र जिम्मेवारीकासाथ गरिनुपर्दछ,' उहाँले भन्नुभयो।

राष्ट्रका नाममा सम्बोधन गर्दै राष्ट्रपति पौडेलले बाढीपछि उत्पन्न कठिन घडीको सामना गर्न राजनीतिक दल, जनप्रतिनिधि, नागरिक समाज, राहत तथा उद्धारमा संलग्न सङ्घसंस्था, निजी क्षेत्र तथा सम्पूर्ण नागरिकलाई एकताबद्ध भएर उभिन आह्वान गर्नुभयो। 'यो विभाजनको समय होइन। एक-अर्कालाई दोषारोपण गर्ने वा राजनीतिक विवाद र टकरावमा अल्झिने समय पनि होइन,' पौडेलले भन्नुभयो, 'यतिवेला राष्ट्रिय एकता तथा ऐक्यबद्धता प्रदर्शन गर्दै पुनर्निर्माण, पुनर्स्थापना र आर्थिक पुनरुत्थानका लागि अगाडि बढ्ने समय हो।'

## बाढी प्रभावित ...

व्यवस्था गर्ने, मनोसामाजिक परामर्श दिनेलगायतका कार्यमा ध्यान दिनुपर्ने उहाँको भनाइ छ।

उक्त बाढीले त्रिभुवन विश्वविद्यालयको सम्बन्धनमा त्रिशूली स्कुलपरिसरमै सञ्चालन रहेको त्रिशूली बहुमुखी कलेजको १६ कक्षाकोठा, सभाहल, कार्यालय, पुस्तकालय र शौचालय पूरै बगाएको छ। झन्डै पाँच रोपनी क्षेत्रफलमा रहेको स्नातकोत्तरसम्म कक्षा सञ्चालन भइरहेको उक्त कलेजको झन्डै रु. १२ करोडको भौतिक पूर्वाधारमा क्षति पुगेको क्याम्पस प्रमुख रीता पछाईले 'त्रिशूली प्रवाह' साप्ताहिकलाई बताउनुभयो। उहाँले भन्नुभयो, 'तत्काल कक्षा सञ्चालनका लागि भवन खोजिरहेको भए पनि अन्योल कायमै रहेको छ।' विध्वंसकारी सो बाढीले जिल्लाका दुई निजी विद्यालयका भौतिक पूर्वाधार पूर्ण रूपमा क्षति भएको निजी तथा आवासीय विद्यालय अर्गनाइजेसन नेपाल (प्याब्सन) नुवाकोटका अध्यक्ष पुरुषोत्तम अधिकारीले जानकारी दिनुभयो। बाढीले विदुर- १, त्रिशूलीबजारस्थित त्रिशूली सामुदायिक बोर्डिङ स्कुल र विदुर- १०, वेत्रावतीस्थित उत्तरगया पब्लिक इंग्लिस स्कुलका भौतिक पूर्वाधार पूर्ण रूपमा क्षति भएकाले पठनपाठनको व्यवस्था गर्न तत्काल समस्या रहेको छ। प्याब्सनका अध्यक्ष अधिकारीले बाढीले विद्यार्थी, शिक्षक, अभिभावक र सञ्चालक बेपत्ता भएको बताउनुभयो। प्याब्सनले बाढीबाट पूर्ण रूपमा क्षति भएका सदस्य विद्यालयको पुनर्स्थापन गर्न सहयोग गर्ने, अभिभावक गुमाएका (आमाबुबा), अभिभावकविहीन विद्यार्थीको अभिभावकत्व ग्रहण गर्ने, घरबारविहीन विद्यार्थीका लागि आवश्यक पाठ्यपुस्तक तथा स्टेसनरी सामान निःशुल्क उपलब्ध गराउने, घरबारविहीन भएका निजी विद्यालयका शिक्षक, कर्मचारीलाई आवश्यकता र अवस्थाअनुसार तत्काल राहत उपलब्ध गराउने निर्णय गरेको छ। तत्काल कक्षा सञ्चालनका लागि स्थानीय सरकारसँग समन्वय गरी सहयोग गर्नेसमेत उहाँले बताउनुभयो।

शिक्षाविद् प्रा.डा. विद्यानाथ कोइरालाले बाढीका कारण अभिभावकविहीन विद्यार्थीलाई अरविन्द राओ आश्रम, एसओएस हर्मन माइनर स्कुल वा निजी विद्यालयले आवासीय सुविधासहित पठनपाठनको व्यवस्था मिलाएमा समस्या समाधान हुने बताउनुभयो। शिक्षाविद् डा. कोइरालाका अनुसार बाढी प्रभावित विद्यार्थीलाई आमपरामर्श, सहकर्मी परामर्श र व्यक्तिगत परामर्श गरी तीन चरणको परामर्श आवश्यक हुन्छ। 'बाढीबाट सिकेका कुरालाई कक्षाकोठमा शिक्षण सिकाइ क्रियाकलापमा प्रयोग गर्न सकिन्छ। उदाहरणका लागि आर्किमिडिजको सिद्धान्त, हिमनदी के हो, बाढी के हो, लगायत विषयमा कक्षामा छलफल गर्न सकिन्छ,' शिक्षाविद् डा. कोइरालाले भन्नुभयो। पुरानै स्थानमा विद्यालय भवन स्थापना गर्दा फेरि बाढीले दुःख दिन सक्छ, तसर्थ सुरक्षित स्थानमा विद्यालय स्थानान्तरण गर्नु उपयुक्त हुने उहाँको सुझाव छ। 'पीडासँगै पुनर्स्थापना आवश्यक छ। यो बाढीले जीवन अनिश्चित छ, शोक गरेर केही हुँदैन भन्ने शिक्षा दिएको छ,' उहाँले भन्नुभयो।

भदौ १० को बाढीले नुवाकोटको विदुर- १०, वेत्रावतीस्थित रामचन्द्र आधारभूत विद्यालय र त्रिभुवन त्रिशूली माविको भवन बगाएको छ। त्यसैगरी विदुर- ७ तुप्चेको चण्डेश्वरी मावि, देवीघाटको सहिद जगतप्रकाश मावि र रणभुवनेश्वरी मावि, तारुकास्थित पिमलटार मावि र बेलकोटगढीस्थित महादेव मावि, रातमाटेसमेत बाढीबाट प्रभावित भएका छन्।

## महाप्रलयकारी ...

सशस्त्र प्रहरीका १३ जना र सरकारी कर्मचारी ७२ जना रहेका छन्। त्यसैगरी, बैंक तथा वित्तीय संस्थाका कर्मचारी २६ जना, रसुवा जिल्लाका नागरिक एक हजार दुई सय ३५ जना, अन्य जिल्लाका नागरिक एक हजार दुई सय ५५ जना तथा विदेशी पर्यटक दुई सय ७० जना सम्पर्कविहीन/बेपत्ता रहेको प्रशासनको विवरणमा उल्लेख छ। सम्पर्कविहीन र बेपत्ताको सङ्ख्या जोड्दा सम्पर्कविहीनको सङ्ख्या तीन हजार पाँच सय ६२ पुगेको छ।

बाढीपछि उत्पन्न समस्या समाधान गर्दै हेलिकोप्टरमार्फत भदौ १० देखि मंगलबारसम्म गोसाईंकुण्डका तीर्थयात्रुसहित १५ सय ५२ जनाको उद्धार भइसकेको छ। सहायक प्रजिअ अधिकारीले दिएको जानकारीअनुसार बाढीबाट हराइरहेकामध्ये एक सय ७४ वटा शव सङ्कलन गरिएकोमा १० जनाको सनाखत भएको छ भने एक सय ६४ जनाको शव सनाखत हुन बाँकी छ। सङ्कलित शवमध्ये २६ वटाको मुचुल्का मात्र गरिएको, एक सय ३८ वटाको मुचुल्का र डिएनए परीक्षण गरिएको छ। सङ्कलित शवमध्ये चारवटा काठमाडौं र एक सय ६६ वटा नुवाकोट पठाइएको छ।

बाढीबाट प्रभावित तथा विस्थापितलाई जिल्लाको विभिन्न सुरक्षित स्थानमा सञ्चालन गरिएको आश्रयस्थलमा ६ सय २६ जना रहेका छन्। कोमिन श्यामेवाङफेल मावि स्याफ्रुबेंसीमा ५६ जना, लिडिलिड काङ छुलिङ गुम्बा, वृद्धिममा ३१ जना, गणेश आधारभूत विद्यालय उत्तरगया- १ मा ३६ जना, शिवालय आधारभूत विद्यालय उत्तरगया- ५ मा ४७ जना, नीलकण्ठ मावि उत्तरगया- ५ बोगटीटारमा ३० जना र भीमसेन प्राथमिक विद्यालय उत्तरगया- ५ मा ४७ जना आश्रित रहेका छन्। त्यस्तै, काठमाडौंको यल्लो गुम्बा, स्वयम्भूमा एक सय ७३ जना, मुस्ताङ गुम्बा, काठमाडौंमा एक सय ५१ जना र नेपाल बौद्ध धर्म सेवा सङ्घको भवन, स्वयम्भू काठमाडौंमा ५५ जना रहेका छन्। आश्रयस्थलमा रहेका ६ सय ३४ जनामध्ये दुई सय ७८ महिला, दुई सय ३६ पुरुष, ३८ ज्येष्ठ नागरिक र एक सय ३९ बालबालिका छन्।

प्रशासनले बाढी प्रभावितलाई वितरण गरिएको राहतसम्बन्धी विस्तृत विवरण कार्यालयको वेबसाइटमा राखिएको छ। बाढीपछि प्रभावित क्षेत्रमा विद्युत् तथा सञ्चार सेवा सञ्चालनको कामसमेत भइरहेको प्रशासनले जनाएको छ। प्रेसनोटअनुसार हाल जिल्लाका ८५ प्रतिशत जनसङ्ख्यामा विद्युत् सेवाको पहुँच पुगेको छ भने सम्पूर्ण क्षेत्रमा नेपाल टेलिकमको सेवा पनि सञ्चालन गरिएको छ। विद्युत् र टेलिकमले राम्रो काम गरेको नागरिक समाजका अध्यक्ष बाबुलाल तामाङले बताउनुभएको छ। कार्यालयले बाढीबाट भएको क्षति, उद्धार तथा प्रतिकार्यसम्बन्धी विवरण दैनिक सार्वजनिक गरिरहेको छ। सरकारको नीति निर्देशनलाई सिरोपर गर्दै सहमति सहकार्यबाटै बाढी प्रभावित बासिन्दालाई आवश्यकताको आधारमा राहत प्रदान पुनर्स्थापना गरिँदै लगिने प्रमुख जिल्ला अधिकारी कमलप्रसाद पाण्डेले बताउनुभयो।

# अब यस्तो कहिल्यै नहोस्



❑ रामलाल श्रेष्ठ

भदौ १० गते सुमन श्रेष्ठ नुवाकोट दरबारस्थित घरबाट सधैंझैं विदुर- १, त्रिशूलीबजारस्थित आफ्नो फेन्सी स्टोर खोल्न पौने ९ बजे नै पुगेका थिए। सटर खोलेर घरबाटै लिएर आएको खाना खाने तरखर गर्दै थिए। एक्कासि सुरक्षाकर्मी पसल बन्द गरी सुरक्षित ठाउँमा जान आग्रह गर्दै माइकिङ गर्दै आइपुगे। हतारहतार खाँदै गरेको खाना छोडेर मोटरसाइकल हुइँकाएर त्रिशूली पुल तरेर पारि दुङ्गे बजार पुग्दा-नपुग्दै भयङ्कर बाढी आयो।

छिनभरमै त्रिशूलीबजार कल्पनाभन्दा बाहिरको बाढीले सबै बगायो। वि.सं. २०५३ मा बुबा बित्नुभयो। सानोमा बुबा गुमेको केही वर्ष मामाघरमा बसेर एसएलसीसम्मको पढाइ पूरा नहुँदै आमाले पनि छोडेर जानुभयो। सुमनको टुहुरो जिन्दगी काठमाडौंका कपडा पसलमा काम गर्दै जेनतेन जीवन चल्दै बितेको थियो। वि.सं. २०७२ को महाभूकम्पले नुवाकोटको पुरानो घर पनि ढल्यो। सुमन सहर बस्न नसकी पुरानै थातथलोमा बस्न थाले। केही समयपछि त्रिशूली पुलनजिकै फेन्सी पसल खोली जीवन चल्दै थियो। व्यवसाय राम्रो थियो। दैनिक रु. २५ देखि रु. ३० हजारको व्यापार थियो। पसलमा रु. ५० लाखको तयारी कपडाको स्टक थियो। वि.सं. २०८३ भदौ १० गतेको लाङ्टाङ भोटेकोश हिमाली सुनामीले सबै बगायो। सुमनको नुवाकोटबाट त्रिशूली झर्ने र बेलुका ७ बजे पसल बन्द गरेर नुवाकोट उक्लने दैनिकी थियो। तीन वर्षको छोरा र श्रीमतीसहितको जिन्दगी राम्रोसँग बित्दै थियो। सुमनलाई अब आफ्नो फेन्सी पसल पुनः सञ्चालन गर्न रु. ५० लाखको पुँजी जुटाउने चिन्ताले सताएको छ। सुमन नुवाकोट दरबारपरिसरबाटै त्रिशूली आउजाउ गर्ने हुनाले नुवाकोट डाँडाको घरमा कुनै क्षति भएन। परिवार सबै नुवाकोटमै रहने हुनाले परिवारमा कुनै क्षति पुगेन। बल्लतल्ल पाँच सेकेन्डले आफ्नो जीवन बचेकोमा सुमन र उहाँको परिवार भगवान्को अनुग्रहले आफ्नो जीवन जोगिएको ठान्दछन्।

नुवाकोटको प्रमुख बजारमध्येको वेत्रावती, त्रिशूली, दुङ्गे र देवीघाट व्यापारिक केन्द्रको रूपमा स्थापित छ। बट्टारसँग प्रतिस्पर्धा गर्दै यी पुराना बजार पुनः स्थापित हुन खोज्दै थिए। अब यो महाविपत्तिले वेत्रावती, त्रिशूली, दुङ्गे र देवीघाटबजार कहिल्यै उठ्न नसक्ने गरी अस्ताउने स्थितिमा पुग्यो। आगामी दिनमा यी बजार पुनः स्थापित हुन निकै कठिन हुनेछ। सबै व्यापारिक कारोबार विदुरदेखि बट्टार हुँदै पिपलटारसम्म विस्तार हुनेछ। भदौ १० को जस्तै लाङ्टाङ हिमालको सुनामी भविष्यमा आयो भने सुरक्षित स्थान भनेको विदुरदेखि बट्टार र पिपलटारको अग्लो भूगोल नै हो। ५० वर्षको परिश्रमको सम्पत्ति ५० मिनेटमा आएको बाढीले सखाप बनाउने यो विपत्तिबाट आफू र आफ्नो सन्ततिलाई समेत बचाउन नयाँ ढङ्गले बसोबास र बन्दव्यापार गर्नुपर्ने देखिन्छ। नदीकिनार हुँदै बाटो निर्माण गर्ने राज्यको नीतिको कारण हिजोका सबै डाँडाकाँडाका मानव बस्ती खोलाकिनारमा थुप्रो लागेको हो। सडकले निर्माण गर्ने सहरीकरण सबै नदीकिनारमा केन्द्रित गर्नाले ५० वर्ष लगाएर निर्माण गरेको सहरी संरचना र सहरीकरण ५० मिनेटमै सखाप भयो। हिजोको पुरानो नेपाल डाँडामा बस्ने, बेंसीमा खेती गर्ने र नदीकिनारका भूगोल नदीलाई छोड्ने प्रणालीमा आधारित थियो। हामीले हिजोको ढाँचाभन्दा उल्टो ढाँचामा नयाँ नेपाल निर्माण गर्नाले यत्रो क्षति व्यहोर्नुपऱ्यो। यो महाविपत्तिले नयाँ चेतना दिएको छ। अब गाउँमा बस्ने र बेंसीमा खेती गर्ने पुरानै ढाँचाको नेपाल निर्माण गर्न जरुरी भइसकेको छ।

भोटेकोशी र त्रिशूली नदीमा आएको हिमसुनामीअगाडि अघिल्लो वर्ष मेलम्चीमा आएको बाढी धेरैले सम्झनु आवश्यक छ। अघिल्लो वर्षको रोशी खोलाको वितन्डा र त्योभन्दा अगाडि मुस्ताङको कागबेनीमा आएको महाविपत्समेत सम्झन आवश्यक हुन्छ। नेपालको पूरै भूगोलमा जलवायु परिवर्तनको गम्भीर असर परिसकेको छ। अब अर्को वर्ष कसको पालो हो भनेर कुर्नुपर्ने बाध्यात्मक स्थिति छ। त्रिशूलीको महाविपत्तिपछि तादी र लिखुको पालो कहिले हो भनेर कुरेर बस्ने दिन आइसकेको छ। अत्यधिक वर्षाको कारण आउने बाढी मात्र नभई तापक्रम वृद्धिको कारण जलवायु परिवर्तनले हिमपहिरो विस्फोट हुने र हिमाली सुनामी आउने क्रम अब बढिरहने स्थिति छ। अबको सडक पूर्वाधार नदीकिनारकेन्द्रित नभई पहाडैपहाडकेन्द्रित हुन आवश्यक छ। पहाड रित्याउने विकासे चिन्तन फेर्न आवश्यक छ। उब्जाउयोग्य भूमिमा सहरीकरण गर्ने चिन्तनभन्दा पहाडी समथर भूगोलमा सहरीकरण गर्ने पुरानै चिन्तनअनुसार सडक पूर्वाधार निर्माण गर्न ढिला भइसकेको छ। त्रिशूली र तादी किनारका मानव बस्ती हिजोको पुरानै डाँडामा पुनः स्थापित गर्ने हिसाबले पुनर्निर्माण र पुनर्स्थापना गर्ने पुरानो चिन्तनमा केन्द्रित हुने हो भने यस्ता महाविपत्तिबाट सधैं जोगिनेछ। अब यस्तो महाविपत्त कहिल्यै नहोस्। *(लेखक राजनीतिक विश्लेषक एवम् चिन्तक हुनुहुन्छ।)*

## करोडौंको ...

विदुर- ७ का अध्यक्ष एवम् कार्यपालिकाका प्रवक्ता नेपाल विपत्तिमा परेकाको साथमा रहेर सहयोगमा अहोरात्र खटिरहनुभएको छ।

गल्छी-त्रिशूली सडकखण्डअन्तर्गत बेलकोटगढी- ८ को जिलिङ तल्लो भेगस्थितका शीतटार नयाँ पुल बस्दै आउनुभएका उपप्रमुख दाहालको करिब रु. सात-आठ करोडबराबरको भौतिक सम्पत्ति क्षति भएको छ। घरआसपासमा रहेको नौ रोपनी खेत, त्यहाँ रहेका सडकनजिक ट्रस्टअन्तर्गतका १२ वटा व्यावसायिक सटर, दुईवटा गोदामसहित बस्दै आएको घरसमेत बाढीको चपेटामा परेको उहाँले जानकारी दिनुभयो। बसोबास रहेको घरको आधाभाग डुबानमा परेको छ। जीवनभरको परिश्रमबाट जोडेको करोडौंको सम्पत्ति एकैपटकको भेलले क्षतिग्रस्त बनाउँदा जोसुकै मानिस पनि विचलित हुन सक्छ। तर, उपमेयर दाहाल यतिवेला आफ्नो व्यक्तिगत पीडाभन्दा माथि उठेर नागरिकको पीडामा साथ दिन खटिरहनुभएको छ। विदुर- ७ का अध्यक्ष नेपालको करोडौं रुपैयाँको व्यावसायिक कुखुरा फर्म र हजारौं कुखुरा पूरै बगाएको छ भने वि.सं. २०७२ को भूकम्पपछि करोड रुपैयाँभन्दा बढी लगानीमा बनेको घरसमेत बस्न नमिल्ने गरी क्षति पुगेको बताइएको छ। घर र व्यावसायिक कुखुरा फर्ममा करोडौं रुपैयाँको क्षति भए पनि उहाँका लागि त्यो सम्पत्ति व्यक्तिगत सम्पत्ति मात्र हो। तर, उहाँ जनताबाट निर्वाचित जनप्रतिनिधि हुनुहुन्छ। त्यसैले उहाँ नागरिकको दुःखलाई आफ्नै दुःख र नागरिकको सम्पत्तिलाई आफ्नै सम्पत्तिसरह ठानेर राहत, उद्धार तथा विपत्मा परेका नागरिकको पुनर्वासको व्यवस्थामा निरन्तर लागिरहनुभएको छ।

## सिमानामा नेपालको ...

स्थानमा पुगेपछि दुवै निकायले संयुक्त रूपमा नेपालतर्फ राष्ट्रिय झन्डा स्थापना गरेर बाढीपछि उपस्थिति जनाएका हुन्। बाढीले सीमा क्षेत्रमा रहेका भौतिक संरचनामा क्षति पुऱ्याएपछि सीमाको सुरक्षा तथा आवागमन व्यवस्थापनमा समेत चुनौती थपिएको छ। यस्तो अवस्थामा सुरक्षा निकायले जोखिमपूर्ण भूगोल पार गर्दै सीमामा पुगेर नेपालको राष्ट्रिय झन्डा पुनः स्थापित गरेको हो। चीनतर्फ भने बाढीले बगाएका सडक सञ्चालन गर्ने र क्षतिग्रस्त संरचना हटाउन दर्जनभन्दा बढी हेभी उपकरण प्रयोग गरिरहेको देखिएको त्यहाँ पुगेका सुरक्षाकर्मीले बताएका छन्।

त्यसैगरी, सेनाले स्याफ्रुबेंसीस्थित नेपाल विद्युत् प्राधिकरणको बङ्करभित्र स्टोर गरिराखेको सुरुङ निर्माणमा प्रयोग हुने विस्फोटक पदार्थ र अन्य सामग्रीलाई सुरक्षित अन्यत्र सारेको छ। मेटल डिटेक्सन र भिजुअल सर्चको आधारमा सेनाले ती विस्फोटक पदार्थ पत्ता लगाएको थियो।

**बिमालेखको फाइल हरायो**

मिति २०८३/०५/२ गते नीलकण्ठ नगरपालिका- ९, धादिङदेखि काठमाडौं जाने क्रममा मेरो बिमालेखको फाइल हराएको हुँदा उक्त बिमालेखको फाइल फेला पार्नुहुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा एसियन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको शाखा कार्यालयहरूमा बुझाइदिनुहुन अनुरोध गर्दछु।

**एसियन लाइफ इन्स्योरेन्स कं.लि.**
**शाखा कार्यालय, नुवाकोट**
**बिमितको नाम** : विष्णुप्रसाद लम्साल
**ठेगाना** : नीलकण्ठ नगरपालिका- ९, धादिङ
**मोबाइल नं.** : ९८४३१८२०२१
**बुबाको नाम** : वैकुण्ठ लम्साल
**हजुरबुबाको नाम** : तारानाथ लम्साल
**बिमालेख नं.** : ६९११०००१९२७

**नुवाकोट निर्माण व्यवसायी सङ्घ**
विदुर, नुवाकोट

**साधारणसभा तथा अधिवेशनको मिति सरेको सूचना !**

यस सङ्घको १६औं साधारणसभा तथा १०औं अधिवेशन यही भदौ २५ र २६ गते गर्ने गरी सम्पूर्ण तयारी पूरा भएको अवस्थामा भदौ १० गतेको अकल्पनीय तिब्बत हुँदै भोटेकोशी त्रिशूली नदीको महाप्रलयकारी बाढीले गर्दा तोकिएको मिति, समय र स्थानमा अधिवेशन नहुने व्यहोरा सम्पूर्ण नवीकरण गर्नुहुने सदस्यज्यूहरूमा अवगत गराउँदछौं। साथै, साधारणसभा तथा अधिवेशन अर्को सूचना जारी नभएसम्मका लागि स्थगित गरिएको छ। भदौ १० गतेको विध्वंसात्मक बाढीमा परी घाइते हुनुभएका सम्पूर्ण दाजुभाइ, दिदीबहिनीको शीघ्र स्वास्थ्यलाभ र ज्यान गुमाउनुहुने सबैको आत्माको चिरशान्तिका लागि कामना गर्दछौं।

**शैलेन्द्रराज प्याकुरेल**
*अध्यक्ष*

**सुशीलप्रसाद फुयाँल**
*महासचिव*

९८४३६१५७४६/९८४९११४६३५ ९८५१०१६६८२

## करोडौँको सम्पत्ति बाढीमा बगे पनि
# बेलकोटका उपप्रमुख र विदुर- ७ का वडाध्यक्ष जनसेवामा क्रियाशील

**विदुर ।** भदौ १० गते रसुवाको भोटेकोशी हुँदै त्रिशूली नदीमा आएको महाप्रलयकारी बाढीले रसुवाको टिमुरेदेखि तनहुँको देवघाटसम्म अकल्पनीय जनधनको क्षति पुऱ्यायो । सो बाढीले बेलकोटगढी नगरपालिकाका उपप्रमुख शिवप्रसाद दाहाल र विदुर-७ का अध्यक्ष रवीन्द्र नेपालको करोडौँको सम्पत्ति बगे पनि उहाँहरू जनसेवामा सक्रियताका साथ लागिरहनुभएको छ । उहाँहरू आफ्नो पीडा र क्षतिलाई बिर्सेर नागरिकको पीडा र क्षतिलाई प्राथमिकतामा राखेर खोज तथा उद्धारको कार्यसँगै राहत वितरणमा सक्रिय हुनुहुन्छ ।

बाढीको उर्लँदो भेलले बस्ती, सडक, पुल, खेतबारी र नागरिकका सपनासमेत बगायो । यो विपत्तिमा करिब १५ सयजनाले ज्यान गुमाएको र करिब



बेलकोटगढीका उपप्रमुख दाहाल / विदुर-७ का अध्यक्ष नेपाल

पाँच हजार नागरिक अझै सम्पर्कविहीन रहेको पीडादायी अवस्थामा उहाँहरू जनसेवामा सक्रिय हुनुहुन्छ । आफ्नो परिवारका सदस्य, घर, सम्पत्ति र जीवनभरको कमाइ गुमाएका नागरिक यतिवेला राज्य, समाज र सहयोगी हातको प्रतीक्षामा छन् । विपत्तिमा परेका नागरिकका लागि सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारसँगै राजनीतिक दल, नागरिक समाज तथा विभिन्न सङ्घसंस्था राहत, उद्धार र सहयोगमा जुटिरहेका छन् । तर, यो महाविपत्तिको बिचमा कतिपय जनप्रतिनिधि आफैँले करोडौँको व्यक्तिगत सम्पत्ति गुमाउँदा पनि त्यसको पीडालाई थाती राखेर नागरिक सेवामा अटल र अटुट रूपमा खटिरहनुभएको छ। यस्तै प्रतिनिधिमध्येका बेलकोटगढीका उपप्रमुख दाहाल र ... बाँकी ५ पेजमा

## तेस्रो आँखा

*विपत्तिका यस क्षणमा पनि चाइन्जी जिल्लातिर राजनीति गर्नेको व्यापार राम्रै देखिन्छ । स्थानीय तहका गतिविधिले आपत्को सामना गरिरहेका जनतामध्ये आफ्नालाई पोस्ने, अर्कालाई सोस्ने पो गरेको देखियो । सेवक बन्नुपर्ने जनप्रतिनिधिमा शासकको रुप देखेपछि पीडितले सामाजिक सञ्जालभरि मनको बह पोखिरहेको हेरिनसक्नु छ । राहत वितरण, खोज, उद्धारदेखि तुइन तान्ने र हेलिकोप्टर चढ्नेमा समेत तेरो र मेरो प्रतिस्पर्धा चाइन्जी देखेर कुरी-कुरी सेम क्या । विभिन्न संस्थाले ल्याएको राहत पनि फलानो र ढिस्कानो पार्टीको भन्दै लेबल पो टाँस्छन् बा ! राहत पाउनुपर्नेले नपाएको गुनासो हल गर्न र औ क्षतिको प्रारम्भिक तथ्याङ्क सङ्कलन गर्न नसक्ने जनप्रतिनिधिलाई बालेन सरकारले चाइन्जी तक्मा दिए भने आश्चर्य नमाने हुने भो ।*

❑❑❑

*घामपाटीका उखान-टुक्कामा पिएचडीधारी अध्यक्ष शनिबार विपत्ति क्षेत्रमा बागमतीका मुख्यमुन्तरी थापालाई अगाडि नलगाई आउन सकेनन् नि चाइन्जी ! करोडौं नगद सहयोग गर्ने घोषणा गरेनि सरकारी कोषमा नदिने बरू आफ्नै कार्जेकर्ता पोस्ने रणनीतिअनुसार छानीछानी पालिका र वडामा दिने पो भन्दै छन्, चाइन्जी कस्ता दूरदर्शी !*




# हराएको ११औँ दिन वेत्रावतीबाट जीवितै उद्धार

**विदुर ।** नेपाली सुरक्षा निकाय नेपाली सेना, सशस्त्र प्रहरी र नेपाल प्रहरीको संयुक्त प्रयासबाट भोटेकोशी-त्रिशूली बाढीको कारण पहिरोमा परी हराइरहेकी विदुर-१०, वेत्रावतीकी चण्डिका श्रेष्ठसहित शनिबार चारजनाको जीवितै उद्धार भएको छ । तीनवटा सुरक्षा निकायले एक चिनियाँसहित तीनजना नेपालीलाई जीवितै उद्धार गरेको राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यस्थापन प्राधिकरणले जानकारी दिएको छ । उद्धार गरिएकामा चण्डिकासहित सञ्जय साह, कविर महर्जन र एक चिनियाँ नागरिक रहेका छन् ।

बाढी आएको ११औँ दिन चिनियाँ नागरिकलाई निर्माणाधीन विद्युत्गृहको सुरुङबाट उद्धार गरिएको थियो । चिनियाँ नागरिकसहित तीनजना नेपालीलाई नुवाकोटको त्रिशूलीस्थित सैन्य तालिम केन्द्रको ब्यारेकमा ल्याएर थप उपचारका लागि सेनाको हेलिकोप्टरमार्फत सेनाको छाउनीस्थित वीरेन्द्र सैनिक अस्पतालमा ल्याइएको सेनाका प्रवक्ता एवम् सहायकरथी राजाराम बस्नेतले जानकारी दिनुभयो । उद्धारपछि उहाँहरूको छाउनीस्थित अस्पतालमा उपचार भइरहेको छ । वेत्रावतीबाट ६४ वर्षीया श्रेष्ठलाई सशस्त्र प्रहरी र नेपाल प्रहरीले शनिबार



चण्डिकाको उद्धारअघि र पछिको तस्विर

दिउँसो करिब ३ बजेतिर जीवितै उद्धार गरेको थियो । वेत्रावती बजारमा रहेको घरमा पुरिएकी श्रेष्ठलाई उद्धार टोलीले फेला पारेको हो । उद्धार टोलीले श्रेष्ठको घरको हिलो सफा गर्ने क्रममा आवाज दिएसँगै उद्धार गरिएको प्रवक्ता एवम् प्रहरी नायब महानिरीक्षक नेत्रबहादुर कार्कीले जानकारी दिनुभयो । 'उद्धार टोलीले हिलो पन्छाउने क्रममा घरनजिकबाट आवाज आयो । बचाऊ-बचाऊ भन्ने आवाज आएसँगै उद्धार टोलीले घरको कोठामा पहिरोले थुनिएर रहेकी श्रेष्ठलाई उद्धार गरेको हो,' उहाँले भन्नुभयो, 'त्यसपछि उद्धार टोलीले फुटेको झ्यालबाट भित्र काठोमा पसेर श्रेष्ठलाई बाहिर ल्याएको हो ।' श्रेष्ठको घुँडामा गहिरो चोट लागेको तथा उक्त घाउमा इन्फेक्सनसमेत भएकोले त्यसको उपचार भइरहेको बताइएको छ । उहाँको उपचारमा संलग्न चिकित्सकले भने परिवारलाई नआत्तिन र स्वास्थ्यमा सुधार आउने बताएका छन् । श्रेष्ठको वेत्रावतीमा रहेको चारतले घर १० गतेको बाढीले भत्काएको थियो । बाढीले उहाँसँगै श्रीमान् आनन्दलाल श्रेष्ठलाई बगाएकोमा श्रीमान्को अहिलेसम्म खोजी कार्य भइरहे पनि यथार्थ अवस्था थाहा हुन नसकेको परिवारले बताएको छ । सेनालगायतका संयुक्त उद्धार टोलीले शुक्रबार 'त्रिशूली थ्री 'ए'मा कार्यरत कविर महर्जन र सञ्जय साहलाई जीवितै उद्धार गरेको थियो । बालकुमारी- ३, काठमाडौँ स्थायी घर भएका ४५ वर्षका महर्जन 'त्रिशूली थ्री 'ए'मा कार्यरत मेकानिकल सुपरभाइजर र सप्तरी जिल्ला, कोइलाडी- ८ स्थायी घर भएका साह मेकानिकल फोरम्यान रहेका छन् ।

मानव बेचबिखन नियन्त्रण गरौं

मानव बेचबिखन भन्नाले :

- मानिसलाई झुक्याएर बन्धक बनाउने वा दास बनाउने,
- मानिसलाई खरिद-बिक्री गर्ने र जबर्जस्ती काममा लगाउने,
- कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने,
- प्रचलित कानुनविपरीत मानव अङ्ग झिक्ने वा व्यापारिक प्रयोजनमा खरिद-बिक्री गर्ने,
- वेश्यागमन गर्ने वा गराउनेजस्ता कार्य हुन् ।

तसर्थ :

- मानव बेचबिखनजन्य कार्य गर्ने-गराउनेलाई कानुनबमोजिम कारबाही हुन्छ,
- मानव बेचबिखन गरे-गराएको जानकारी पाएमा नजिकको प्रहरी कार्यालयमा खवर गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# सिमानामा नेपालको झन्डा फहराउन लाग्यो ११ दिन
## विद्युत्गृहको बङ्करबाट सारियो विस्फोटक पदार्थ

**धुन्चे ।** रसुवा जिल्ला, गोसाईँकुण्ड- २ स्थित नेपाल-चीन सिमाना रसुवागढीमा नेपाली सुरक्षा फौजको संयुक्त टोली भोटेकोशीमा आएको बाढीको ११औँ दिनमा राष्ट्रिय झन्डा फहराउन सफल भएको छ । सशस्त्र प्रहरी बल नेपाल र नेपाली सेनाको संयुक्त टोलीले अन्तर्राष्ट्रिय सीमानाकामा शनिबार नेपालको झन्डा राखेको हो ।

भोटेकोशी नदीमा आएको विनाशकारी बाढीले रसुवागढी नाकाको ठुलो भूभाग बगाएपछि सीमा क्षेत्रमा नेपालको पहिचान देखिने कुनै सङ्केतसमेत थिएन । यसैलाई मध्यनजर गर्दै नेपाली सुरक्षा टोलीले सीमामा झन्डा राखेको हो । बाढीले रसुवागढी सीमानाकाको नेपालतर्फ रहेका सम्पूर्ण संरचना बगाएको छ । बाढीका कारण सीमा क्षेत्रमा ठुलो क्षति पुगेपछि त्यस क्षेत्रमा रहेका सुरक्षा संरचनासमेत प्रभावित भएका छन् । भोटेकोशीको बाढीका कारण पुग्न कठिन बनेको उक्त स्थानमा सशस्त्र प्रहरी बल नेपालको बोर्डर आउट पोस्ट (बिओपी) टिमुरेबाट गएको टोली तीन किलोमिटर जोखिमपूर्ण भिरमा बाटो बनाउँदै पुगेको थियो । नेपाली सेनाको टोली ... बाँकी ५ पेजमा



त्रिशूली प्रवाह साप्ताहिक
इ - पेपर हेर्न को लागि इस्क्यान गर्नुहोस







